'समृद्ध प्युठान नगरपालिका निर्माणको आधार,
सामाजिक न्याय र दिगो विकास सहितको पूर्वाधार'


# युवा रोजगार सम्बन्धी अध्ययन प्रतिवेदन

## २०८०




**प्युठान नगरपालिका**

प्युठान




**सर्वाधिकार ©:** प्युठान नगरपालिका

**अध्ययन मिति :** चैत, २०८०

**अध्ययन गर्ने निकायः** नेपाल एकीकृत विकास केन्द्र (NCID)

**संयोजनः** कुमार थापा

**अध्ययनमा सङ्लग्न सदस्यहरूः** विमला रावत, कविन्द्र के.सी.

## कार्यकारी सारंस

युवा राष्ट्रको भाग्य निर्माता हो । भविष्यको आशाको पुञ्ज हो । परिवर्तनको संवाहक हो । र, वास्तवमै युवा राष्ट्रको खम्बा हो । खम्बा बलियो हुँदा सम्पूर्ण संरचना बलियो भएजस्तै युवा शक्तिशाली, गतिशील र सिर्जनशील हुँदा राष्ट्र बलियो हुन्छ । अग्रगतिमा अगाडि बढ्छ । र, साँच्चै देश र जनताको भविष्य उज्ज्वल बन्छ ।

युवा रोजगारीको विषय संसारका सबै मुलुकको चासो र व्यवस्थापन गर्नु पर्ने विषय भित्र पर्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कूल जनसंख्याको ४२.५६ प्रतिशत (१२४१२१७३) युवा (१६-४० वर्ष) भएकाले यो उमेरका जनसंख्याका लागि शिक्षा, स्वास्थ्यमा सहज पहुंचको व्यवस्था मिलाई देश विकासका विभिन्न क्षेत्रमा परिचालन गरेर सक्षम युवा संम्बृद्ध राष्ट्रको मान्यता कायम गर्नु आवश्यक छ । तर स्वदेशमा आवश्यक रोजगारी सजिलै प्राप्त नहुदा कतिपय नेपाली युवा विदेशिन वाध्य छन् । अर्कोतर्फ बैदेशिक रोजगारीमा धेरै समस्या आएकाले सुरक्षित आप्रवास र स्वदेशमै रोजगारीका अवसर सृजना गरी युवा वर्गलाई बिदेशिनवाट रोक्नु पर्ने अवस्था सृजना भैसकेकोछ । यसै विषयलाई ध्यानमा राख्दै प्युठान नगरपालिकामा युवा रोजगारीको सम्भावना सम्वन्धी बजार अध्ययन गरिएको छ ।

प्युठान नगरपालिकाका २ सय ५० जना युवाहरूको सर्वेक्षण, बजार अध्ययन, समुह छलफल, सरोकारवालासँग छलफल र युवासँग गरिएको अन्तर्वार्ताको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । साथै राष्ट्रिय तहमा भएको तथ्यांकलाई यस प्रतिवेदनमा पृष्टि गर्ने प्रयास गरिएको छ । तर पनि युवा रोजगारी सम्वन्धी प्रयाप्त सूचना व्यवस्थित हुन नसकेका कारण न्यूनतम सूचनाको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । तथापि यस प्रतिवेदनमा समावेश भएका कतिपय सूचना द्वितीय स्रोतवाट लिईएका छन्भने अन्य कतिपय बिद्यमान सरकारी सेवा प्रदायक संस्था र केही स्थानीय व्यक्तिसँग सम्पर्क गरी छलफलका विधिबाट संकलन गरिएका छन् ।

प्युठान नगरपालिकाको १० वटै वडाका २५/२५ जना युवाहरूबाट सूचना संकलन (सर्वेक्षण) गरिएको थियो । उक्त सूचनाको आधारमा युवा रोजगारसम्बन्धी बजार विश्लेषण गर्ने प्रयास गरिएको छ । २ सय ५० जनामा गरिएको अध्ययनमा १ सय ६३ जना बेरोजगार छन् । रोजगारको खोजीमा गाउँबाट बजार झर्ने युवाको संख्या बढ्दो छ । जमिन बाँझो छ । उनिहरूलाई कृषि प्रति आर्कर्षित गर्न सकिएको छैन ।

राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा युवावर्गको महत्वपूर्ण भूमिका रहने कुरालाई सवैको चर्चाको विषय बन्छ । तर नगरपालिकाको नीति तथा कार्यक्रमहरूमा युवा लक्षित कार्यक्रमहरू खासै बन्न सकेका छैनन् । प्युठान नगरपालिकाले खेलकुद र युवा लक्षित कार्यक्रमका लागि योजना गरेको छ । तर त्यो अपुग छ । त्यसैले नगरपालिकाले अवको नीति तथा कार्यक्रम र योजना तर्जुमा गर्दा युवा लक्षित कार्यक्रमहरू बढाउनुपर्ने देखिन्छ । साथै युवाको अवस्थावारे सूचना व्यवस्थापन नहुदा युवा लक्षित कार्यक्रम तर्जूमा गर्न कठिन भएको देखिन्छ ।

२ सय ५० जना मध्ये विभिन्न तवरले सिप सिकेका युवा २ सय ४१ छन् । सिप सिके पनि उनिहरू बेरोजगार छन् । त्यसैले २ सय ५० मध्ये २५ जनाले अवको भविष्य विदेशमा देखेका छन् । उनिहरू रोजगारी र अध्ययनका लागि विदेशीन लागेको देखिन्छ । सूचना लिएका मध्ये ४४ जना युवाहरू विदेशबाट फर्किएका देखिन्छन् । तर उनिहरू फेरी बेरोजगार भएर बस्नु परेको छ ।

प्युठान नगरपालिकाको तथ्यांक अनुसार १७११७ युवा जनसंख्या मध्ये करिव ३५ प्रतिशत मात्र पूर्णरूपमा रोजगारी (सिलाई बुनाई, व्युटिसियन, ड्राइभर, शिक्षक, प्लम्विङ, इलेक्ट्रिसियन) मा लागेको देखिएको छ । नगरपालिकाको ठूलो भूभाग कृषि तथा पशुपालनका लागि योग्य भए तापनि युवापुस्ताले यस क्षेत्रमा चासो नराखी वैदेशिक रोजगारीका लागि वाह्य मुलुकतिर जाने गरेका छन् ।

पालिकाको तथ्यांक अनुसार १७११७ (४४.६६ प्रतिशत) युवा छन् । हाल गरिएको अध्ययनले पनि ५५.३४ प्रतिशत युवाहरू अझै बेरोजगार छन् । ति युवाहरूलाई विभिन्न शिप मुलक तालिमहरू प्रदान गर्ने । साना तथा घरेलु उद्योग सञ्चालनसम्बन्धी तालिमहरू दिने र युवा लक्षित कृषि कार्यक्रमहरू सञ्चालन गर्दा युवा रोजगार प्रभावकारी हुन्छ ।

प्युठान नगरपालिकामा हालको युवा रोजगारीलाई आधार मान्दा आगामी तीनवर्ष (वि.स. २०८३) सम्मका लागि रोजगारीको अवसर प्रत्येक वर्ष झण्डै ४० प्रतिशतले बृद्धि गर्नुपर्ने देखिएको छ । प्युठान नगरपालिकाहरूले आगामी आर्थिक वर्षमा युवा लक्षित योजना तर्जुमा गरी कार्यक्रम संचालन गर्ने नीति लिनुपर्छ । साथै राष्ट्रिय युवा नीतिलाई स्थानीय तहले स्थानीयकरण गरी लागु गर्न सकेमा युवा रोजगारी बढ्न सक्ने देखिन्छ ।

जिल्ला सदरमुकाम खलंगा र विजुवार यस क्षेत्रको प्रमुख व्यापारिक केन्द्र हो । विजुवार यस प्युठान नगरपालिकामा पर्दछ । यसका अतिरिक्त सम्पूर्ण जिल्लामा हेर्दा बाग्दुला, चकचके, देविस्थान, मच्छी, ठुलाबेसी, चेरनेटा, दरवान, जुम्री आदी बजार केन्द्र तथा व्यापारिक केन्द्र हुन् । साबुन, फर्निचर, ग्रिल, सटर, टायल, अल्लो, कपडा, मौरीपालन जस्ता औद्योगिक क्रियाकलापहरू सञ्चालनमा छन् ।

संख्यात्मक र गुणात्मक दुबै दृष्टिकोणले युवालाई मुलुकको सबैभन्दा महत्वपूर्ण जनसंख्याको रूपमा लिइन्छ । युवा शक्ति राष्ट्रको अमूल्य सम्पति हुन् । युवाहरू आर्थिक, सामाजिक, राजनीतिक र संस्कृतिक रूपान्तरणका अग्रदुत हुन् । साहस, सिर्जनशिलता, सिक्ने क्षमता एवम उच्च आत्मविश्वासका कारण यो वर्ग राष्ट्रको प्रमुख धरोहरको रूपमा रहेको छ । यिनीहरू राष्ट्र निर्माणका प्रमुख स्रोत हुन् । युवाहरूमा प्रतिकुलतालाई अनुकुलतामा, अवन्नतिलाई उन्नतिमा, प्रतिगमनलाई अग्रगमनमा र विपन्नतालाई सम्पन्नतामा रूपान्तरण गर्न सामर्थ्य हुन्छ । यहि कारणले युवाशक्तिलाई जनशक्तिको सर्वाधिक महत्वपुर्ण शक्तिको रूपमा स्वीकार गरिएको तथ्यलाई विर्सनु हुदैन । त्यसैले उनीहरूको आवश्यकतालाई सम्बोधन गर्दै राष्ट्र विकासको मुलधारमा ल्याउनु आवश्यक छ ।

## विषय सूची


**१ परिचय ........ १**
१.१ पृष्ठभूमि ........ १
१.२ उद्देश्य ........ २
१.३ अध्ययन विधि ........ २
१.४ अध्ययनको सीमितता ........ ३
**२ युवा रोजगारी सम्वन्धी नीति तथा कार्यक्रम ........ ४**
२.१ नीति ........ ४
२.२ कार्यक्रम ........ ५
**३ नगरपालिकाको अवस्था विश्लेषण ........ ८**
३.१ जनसंख्या ........ ८
३.२ शैक्षिक अवस्था ........ ८
**४. अध्ययनवाट देखिएको अवस्था ........ १०**
४.१ युवा रोजगारी सम्वन्धी नगरपालिकाको प्राथमिकता ........ १०
४.२ युवा रोजगारीको अवस्था ........ ११
४.२.१ पेशागत रोजगारी ........ ११
४.२.२ व्यवसाय ........ ११
४.३ युवा रोजगार सम्बन्धी बजारको अवस्था ........ १२
४.४ अगामी वर्षको रोजगारी प्रक्षेपण ........ १४
४.५ वैदेशिक रोजगारी ........ १५
**५. युवा रोजगारीको अवसर, सम्भावना र चुनौती ........ १७**
५.१ समग्र अवसर ........ १७
५.२ रोजगारीका सम्भावित क्षेत्रहरू/सम्भावना ........ १८
५.१.१. कृषि क्षेत्र ........ १८
५.१.२. निर्माण क्षेत्र ........ १९
५.१.३. उद्योग तथा व्यवसाय क्षेत्र ........ १९

५.१.४. उद्यमशीलता .......... २०
५.१.५. पर्यटन .......... २१
५.२. चुनौती .......... २१
**६ निष्कर्ष र सुझाव .......... २३**
६.१ निष्कर्ष .......... २३
६.२ सुझावहरू .......... २४
**अनुसूचीहरू .......... २८**
तालिका नं १ : जनसंख्या विवरण.......... २८
तालिका नं. २ : सारक्षरताको अवस्था .......... २८
तालिका नं. ३: पेशागत रोजगारीको अवस्था .......... २९
तालिका नं. ४ : व्यवसाय सञ्चालनको अवस्था .......... २९
तालिका नं. ५ : युवा रोजगारका लागि जाने स्थान .......... ३०
तालिका नं. ६ : सिक्न चाहेको सिप .......... ३०
**शन्दर्भ सामग्री .......... ३१**

# १ परिचय

## १.१ पृष्ठभूमि

युवाशक्तिले देश विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ। यसैले युवा जनशक्तिको क्षमता विकास गरी उनीहरूलाई राष्ट्रिय विकासको मूलधारमा ल्याउन जरूरी छ। युवा सरोकारका विषयलाई व्यवस्थित रूपमा सम्बोधन गरी द्वन्द्वोत्तर शान्ति तथा आर्थिक, सामाजिक रूपान्तरण हासिल गर्न छुट्टै संयन्त्रको आवश्यकता महसुस गरी २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो । यस मन्त्रालय मार्फत राष्ट्रिय युवा नीति, २०७२ ले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न विविध कार्यक्रम सञ्चालन गरिंदै आएको छ। साथै युवाको विषय धेरै मन्त्रालय तथा निकायसँग अन्तरसम्बन्धित भएकाले युवा तथा खेलकुद मन्त्रालयले अन्तर-मन्त्रालय समन्वयको कार्य पनि अगाडि बढाएको छ ।

राष्ट्रिय युवा नीति, २०७२ ले मार्गदर्शन गरेबमोजिमका कार्यक्रमहरू सञ्चालन गर्ने सन्दर्भमा युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, नेपाल स्काउट, राजनीतिक दलका युवासम्बद्ध संघ संगठन एवं विकास साझेदारहरूसँग समन्वय गर्दै आएको छ । युवा विकासका लागि नीतिगत पहल गर्न तथा कार्यक्रम कार्यान्वयनको मुख्य जिम्मेवार निकायका रूपमा स्वायत्त संस्थाका रूपमा राष्ट्रिय युवा परिषद् गठन भएको थियो ।

युवा शक्तिलाई देश विकासको मेरूदण्डको रूपमा लिन सकिन्छ। हालको अवस्थामा बेरोजगार युवाहरूको संख्या उल्लेख्य छ। यस वर्गलाई विभिन्न पेशा व्यवसायमा संलग्न गरी उत्पादन वृद्धि गर्न सके बेरोजगार समस्या समाधान गर्न सकिन्छ। खासगरी व्यवहारिक र रोजगारमूलक शिक्षाको अभाव तथा व्यावसायिक सीप र प्रविधिमा न्यून पहुँच भएका कारण श्रमका लागि विदेशिने युवाहरूको संख्या दिनानुदिन बढ्दै गएको छ ।

यसको अर्थ नेपालमा युवा रोजगारीका सम्भावना तथा अवसरहरू छैनन् भन्ने होइन। पछिल्ला दिनहरूमा विकासमा अर्थपूर्ण सहभागिता, कृषि, पर्यटन, जलस्रोत लगायतका प्राकृतिक साधनस्रोतको उपलब्धतामा वृद्धि र बैंकिङ सेवा सुविधामा विस्तार भएको छ। लक्षित समूह एवं भौगोलिक क्षेत्र केन्द्रित गरी कार्यक्रम विस्तार गर्न थालिएको छ। साथै बैदेशिक रोजगारीबाट प्राप्त सीप, अनुभव र साधनस्रोतको प्रयोग गरी आन्तरिक रोजगारी अवसर सृजना गर्न सकिने सम्भावना उत्तिकै छ। वि.सं २०७८ को जनगणना अनुसार प्युठान नगरपालिकाको कूल जनसंख्या ४२०९४ छ। जसमा १६ देखि ४० बर्ष उमेरको जनसंख्या १७११७ छ ।

## १.२ उद्देश्य

युवा रोजगार  नेपालको एक प्रमुख समस्या हो । देशका विभिन्न क्षेत्रमा युवाहरूले  बेरोजगारीका सामना गरिरहेका छन् । युवा सक्षम, ऊर्जावान, उत्साहीत हुन्छन्, तथापि रोजगार नभएका कारण उनीहरूले आफ्नो ज्ञान, सिप र क्षमता उपयोग गर्न पाएका छैनन् । यो समस्याले देशको अर्थतन्त्रमा पनि नकारात्मक प्रभाव परेको छ । त्यसैले प्युठान नगरपालिकाको युवाको रोजगारी र बजारको अवस्था अध्ययन गरी तथ्य सहित आगामी नीति, कार्यक्रम तथा बजेटमा युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने लगायत उद्देश्यले यो अध्ययन गरिएको हो ।

- प्युठान नगरपालिकाको बजारसम्बन्धी परिवेश अध्ययन गरी रोजगारको अवस्थाको विषयमा मूल्यांकन गर्ने ।
- समुदायबाट उलब्ध सूचनाहरूको विश्लेषणको आधारमा युवा रोजगार कार्यक्रमका लागि स्थानीय सरकारलाई सिफारिस सहित प्रतिवेदन तयार गर्ने ।
- विद्यमान युवा रोजगार र सम्भावना र आगमी रणनीति सहित स्थानीय सरकारलाई सिफारिस गर्ने ।

### १.३ अध्ययन विधि

**सूचनाकर्ता छनोटः** नगरपालिकाको जनप्रतिनिधि, तथ्यांक संकलकबीच छलफल गरी १० वटा वडाका प्रति वडा २५ जना सूचना दिने युवाहरू छनोट गरियो । यसरी सूचनाकर्ता छनोट गर्दा १६ देखी ४० वर्ष उमेर समुहका विभिन्न क्षेत्र, लिंग र पेशा व्यवसायका व्यक्तिहरूबाट सूचना लिइयो ।

**प्रश्नावली तयार र पृष्ठपोषणः** युवा रोजगार तथा बजारको अवस्थासम्बन्धी अध्ययनका क्रममा आवश्यक प्रश्नावलीहरू तयार गरियो । जसमा मुख्य सूचनाकर्ता अन्तर्वार्ता, सरोकारवाला छलफल र २ सय ५० जना युवाको तथ्यांक लिन प्रश्नावली तथा चेकलिष्ट तयार गरियो । सर्वेक्षण फारम, लक्षित समुह छलफल, मुख्य सूचना दाता अन्तर्वाता प्रश्नावलीहरूमा लैङ्गिक सामाजिक समावेशीकरणको विषयलाई ध्यानमा राखेर प्रश्नावलीहरू अन्तिमिकरण गरियो ।

**सूचना संकलक अभिमुखीकरणः** युवा रोजगार र बजार विश्लेषणको लागि सम्बन्धीत समुदायका युवा सूचना संकलक छनोट गरी अभिमूखीकरण गरियो । सूचना संकलन विधि र प्रकृया, सूचना संकलन गर्दा ध्यानदिनुपर्ने विषय, थप घट गर्नुपर्ने प्रश्नावली र अध्ययनको उद्देश्य र अध्ययनको क्रममा गरिने समन्वय, बस्तुस्थीतिको अध्ययनको विषयमा छलफल गरिएको थियो ।

**सन्दर्भ सामग्रीहरूको समीक्षा र तथ्य संकलन** : अध्ययन खास गरी चार वटा विधिहरू अवलम्बन गरिएको थियो । सहभागीतामूलक विधि मार्फत गरिएको यस अध्ययनमा राष्ट्रिय तथा स्थानीय तहमा आधारभुत सूचनाहरूको संकलन, परिवेश अध्ययन, समीक्षा र अभिलेखन गरिएको थियो । यसमा सरकारले गरेको युवा लक्षित कार्यक्रम र नीतिहरूलाई प्रमुख आधार मानी अभिलेखन गरियो ।

**लक्षित समुहसँग छलफल :** १६ देखी ४० वर्ष उमेर समुहका फरक फरक लिंग र क्षेत्रका युवाहरूसँग छलफल गरिएको थियो । यस छलफलले युवाहरूको रोजगारीको अवस्था, अवसर र चुनौती आँकलन गर्न मद्दत पुगेको थियो । साथै सम्भावनाहरूको खोजी गरी रोजगारीको अवस्था सिर्जना गर्न युवाहरूकै भूमिका के हो ? भन्ने प्रश्न पनि उब्जाउन मद्दत पुगेको थियो ।

**मुख्य उत्तरदातासँग अन्तर्वार्ता:** प्यूठान नगरपालिका वडा नं. २, ३, ४, ५, ७, ८ र १० का युवाहरूसँग अन्तर्वार्ता गरिएको थियो । अन्तर्वार्ताका क्रममा विदेशबाट फर्केका युवा, उद्योग सञ्चालन गरेका युवा, कुनै पेशा व्यवसायमा लागेका युवा, अध्ययन गर्दै गरेका र कुनै काममा सहभागी नभई अवसर खोजी गरिरहेका १५ जना (८क महिला) सँग अन्तर्वार्ता गरिएको थियो । यस अन्तर्वार्ताले धेरै सूचनाहरू अभिलेखन गर्न सहज भएको थियो ।

**घटना अध्ययन :** १६ देखी ४० वर्ष भित्रका युवाहरूको अवस्थालाई पृष्ठयाई गर्न घटना अध्ययन विधिलाई अवलम्बन गरियो । यसमा व्यक्तिगत र समुहमा छलफल गरी युवाको रोजगारीको अवस्था, नेपालको सम्भावना र वैदेशिक रोजगारीले निम्त्याएको समस्याको विषयमा छलफल गरी अभिलेखन गरियो ।

## १.४ अध्ययनको सीमितता

- लक्षित समुह छलफल, मुख्य सूचनाकर्ता अन्तर्वार्ता र तथ्यांक संकलनका क्रममा आएका सूचनालाई आधार मानेर तथ्याङ्क विश्लेषण भएकोले यदि सूचना दिने क्रममा कुनै त्रुटि भएमा त्यसको असर यस प्रतिवेदनमा पनि रहने छ । अध्ययन तथा विश्लेषण गर्दा युवाको रोजगारी र बजारको विषयमा केन्द्रित गरिएकाले अन्य विस्तृत सूचनाहरू समेट्न सकिएको छैन ।
- चेकलिष्टमा उल्लेख गरे अनुसारका केही युवाहरू नभेटिएकोले केही सूचनाहरू उहि प्रकृतिका हुन सक्छन् र केही सूचनाहरू अपुग हुन सक्ने छ ।
- तथ्याङ्क सङ्कलन फारममा भएका कतिपय प्रश्नको उत्तर खाली आएकाले त्यसरी नभरी आएका विषयमा विश्लेषण अपुग हुन सक्दछ ।
- सीमित समय र स्रोत सामग्रीमा आधारित भै सम्पन्न भएको यस अध्ययनले युवा रोजगारी र युवा सम्वद्ध समग्र पक्षको विश्लेषण गर्न सकेको छैन । खासगरी युवाको रोजगारीको अवस्था, सिप, आवश्यकता, सम्भावनाको विषयलाई बढी खोतल्न खोजिएको हुदा कतिपय कृषि तथा गैर कृषि र सामाजिक क्षेत्रहरूमा हुन सक्ने रोजगारीलाई यस अध्ययनले कम समेटेको हुन सक्दछ । तथापि यसले हालको अवस्थामा स्थानीयस्तरमा युवा रोजगारी र बजारको अवस्था कस्तो छ  भनी इंगित गरेको छ ।

## २ युवा रोजगार सम्वन्धी नीति तथा कार्यक्रम

### २.१ नीति

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयले युवा रोजगार नीति तथा कार्यक्रम वनाएर मातहतका निकाय मार्फत कार्यान्वयनको व्यवस्था मिलाएको भए तापनि स्थानीय तहमा यसवारे विस्तृत छलफल तथा आन्तरिकीकरण गर्नुपर्ने देखिन्छ । नेपालको राष्ट्रिय युवा नीति २०७२ ले १६ देखि ४० वर्षसम्मका नागरिकलाई युवा भनि परिभाषित गरेको छ । साथै “प्राथमिकताको समूहका युवा” भन्नाले महिला, आदिवासी जनजाति, मधेशी युवालाई जनाउने छ भनि यसै अनुरूप युवा नीति तयार गरिएकोछ ।

युवालाई परिवर्तनका संवाहक र दिगो विकासका उत्प्रेरक शक्तिका रूपमा विकास गर्न राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, लोकतन्त्र र मानव अधिकारका आधारभूत सिद्धान्त एवं मूल्य-मान्यताहरू बोध गराउने कार्यक्रमहरू सञ्चालन गर्ने र देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणको प्रक्रियामा युवाको भूमिकालाई उच्च महत्व दिँदै सो प्रक्रियामा युवाको संलग्नता र नेतृत्वलाई बढवा दिने नीति समेत सरकारले लिएको छ । यस सन्दर्भमा रोजगारी सम्बन्धी निम्न नीतिहरूलाई स्थानीयतहको कार्यसूचीमा समावेश गराई कार्यान्वन गर्न सक्दा नतिजा उपलब्धीमूलक हुने देखिन्छ ।

- युवा रोजगारी प्रवर्द्धन गर्न रोजगार सम्बन्धी कार्ययोजना बनाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।
- युवाका लागि रोजगारी अभिवृद्धि गर्न उद्यमशिलता तथा अन्य सिपमूलक एवं व्यावसायिक तालिम प्रदान गर्ने । स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न कृषि, कृषिजन्य उद्योग, पर्यटन, उर्जा, पूर्वाधार विकासमा जोड दिने ।
- युवालाई सार्वजनिक सेवामा आकर्षित गर्न उपयुक्त रणनीति तयार गरी त्यसका लागि आवश्यक सुविधाको व्यवस्था गर्ने ।
- युवामा व्यावसायिकता तथा उद्यमशीलताको विकास र रोजगारी सृजना गर्न आवश्यकता अनुसार वित्तिय संस्था स्थापना र विकास गर्ने । प्राविधिक ज्ञान तथा सीप भएका युवामा उद्यमशिलता विकास गर्न प्रमाणपत्रका आधारमा युवामैत्री ऋण र बीउ पूँजी उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्ने ।
- युवामा उद्यमशीलता विकास गर्न व्यवसाय सिर्जना सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- श्रमबजार र श्रमशक्ति उत्पादनमा देखिएको असमानजस्य कम गर्दै श्रम बजारको आवश्यकता अनुसार युवा जनशक्ति तयार गर्ने ।
- कृषि क्षेत्रको आधुनिकीकरण एवं व्यावसायीकरण मार्फत अर्ध-बेरोजगार युवालाई पूर्ण रोजगारीको अवसर सिर्जना गर्ने ।
- युवा सूचना केन्द्रको क्षमता अभिवृद्धि गरी सोमार्फत् युवा रोजगार कार्यक्रमलाई समन्वयात्मक तरिकाले विस्तार गर्ने ।

- जोखिमपूर्ण कामबाट युवालाई मुक्त गराउन सुरक्षित र मर्यादित कामसम्बन्धी नीतिसँग तादात्म्य गरी कार्यक्रम सञ्चालन गर्ने ।
- उद्यमशीलताका क्षेत्रमा लगानी भएका उद्यमहरूको वीमा गर्ने परिपाटीको विकास गर्ने ।

## २.२ कार्यक्रम

युवा रोजगारी सम्बन्धि क्रियाकलाप विगतमा स्थानीयतहको भन्दा पनि अन्य निकाय तथा आयोजनाहरूको जस्तो देखिएको छ । रोजगारीको विषय व्यक्तिको आफ्नो समस्याजस्तो गरेर राज्यस्तरवाट कार्यक्रम तर्जुमा नगरी वस्न हुदैन जसका कारण युवाहरू बैदेशिक रोजगारीमा जान अभिप्रेरित हुनेछन् ।

युवा रोजगार नेपालको एक प्रमुख समस्या हो । देशका विभिन्न क्षेत्रमा युवाहरूले  बेरोजगारीका सामना गरिरहेका छन् । युवा सक्षम, ऊर्जावान, उत्साहीत हुन्छन्, तथापि रोजगार नभएका कारण उनीहरूले आफ्नो ज्ञान, सिप र क्षमता उपयोग गर्न पाएका छैनन् । यो समस्याले देशको अर्थतन्त्रमा पनि नकारात्मक प्रभाव गरेको छ । त्यसैले नेपाल सरकारले युवा रोजगारीको लागि रूपान्तरण पहल आयोजना कार्यविधि २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यस कार्यवधिमा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न यो कार्यविधि ल्याइएको हो ।

नेपालमा युवाको परिचालन तथा उत्पादनशील युवाको उपलब्धता अहिलेको आवश्यकता भएकाले यसका विषयमा राज्यको तर्फवाट कार्यक्रम संचालन गर्नु महत्वपूर्ण भएको छ । यसै विषयलाई आधार मानी श्रम तथा रोजगार मन्त्रालय अर्न्तगत व्यवसायिक सीप विकास तालिम केन्द्रहरूले आधारभूत तालिम, आवासीय महिला तालिम, अपग्रेडिङ तालिम, वैदेशिक एवं युवा स्वरोजगार सम्वन्धी विशेष सीप विकास तालिम सञ्चालन गर्दै आएका छन् । त्यस्तै आवासीय महिला सीप विकास तालिम र युवाहरूलाई वैदेशिक एवं युवा स्वरोजगार सम्बन्धी विशेष सीप विकास तालिम जस्ता कार्यक्रमहरू सञ्चालन गरेको थियो ।

सरकारी, गैर सरकारी, सहकारी निजी क्षेत्र र स्थानीय तहहरूवाट समेत युवा/रोजगारी सम्बन्धी अन्य क्रियाकलापहरू संचालन गरिएको हुन सक्दछ । तथापि यस प्रतिवेदनमा स्थलगत अध्ययनको क्रममा देखिएको अवस्था र सरोकारवाला निकायहरूसंगको छलफल (लक्षित वर्ग छलफल) मा व्यक्त भएका विचार र अभिलेख भएका कार्यक्रम/क्रियाकलापहरू यसमा समावेश गरिएको छ ।

## २.३. संस्थागत संरचना

युवा नीति कार्यान्वयनको नेतृत्व युवा तथा खेलकुद मन्त्रालयले गरेको छ । मन्त्रालयले सबै सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसंगको समन्वयमा काम गरिरहेको छ । युवा नीति सम्बन्धी क्षेत्रगत कार्यक्रम कार्यान्वयन तथा अनुगमन र समन्वयको जिम्मेवारी सम्बन्धित मन्त्रालयहरूले लिएको अवस्था छ । संघीय मन्त्रालयहरूले आवश्यक कानुनी व्यवस्था मिलाई आफ्नो कार्यक्षेत्रभित्र परेका विषयहरू कार्यान्वयन गर्ने

गरेका छन् । साथै प्रदेश सरकारले आवश्यक नीति निर्माण र संस्थागत व्यवस्था गरी यस नीतिको कार्यान्वयन गर्दै लैजानेछन् ।

राष्ट्रिय युवा परिषद्ले सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालित युवा सम्बन्धी कार्यक्रमहरूको संयोजन, समन्वय तथा सहजिकरण गर्ने व्यवस्था मिलाइएको छ । स्थानीय तहमा रहेका युवा सूचना केन्द्रलाई राष्ट्रिय युवा परिषद्अन्तर्गत ल्याई स्तरोन्नति गर्नुका साथै आवश्यकता अनुसार संरचना विस्तार गरी स्थानीय तहमा युवाका आवश्यकता अनुसार युवाको नेतृत्व, सीप र उद्यमशीलता विकास गर्नु आवश्यक छ । यसका लागि सम्बन्धित स्थानीय तहले आवश्यक व्यवस्था गर्नु पर्दछ । स्थानीय तहमा रहेका सूचना केन्द्रहरूसंगको समन्वयमा सूचना व्यवस्थापन गर्न सकिन्छ । साथै स्थानीय तह आफैले र सम्बन्धित संघसंस्था एवं निकायले सञ्चालन गर्ने युवा लक्षित कार्यक्रमहरूबीच समन्वय गरी युवा सहभागिता, क्षमता अभिवृद्धि र प्रविधि विकास सम्बन्धी कार्यक्रमहरूलाई नतिजामुखी वनाउन आवश्यक छ । यसको लागि प्युठान नगरपालिकाले संस्थागत प्रवन्ध मिलाउनु पर्ने हुन्छ ।

युवा नीतिको कार्यान्वयन विभिन्न मन्त्रालय मार्फत हुने भएकाले अन्तर मन्त्रालय समन्वयका लागि युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा अन्तर मन्त्रालय ‘राष्ट्रिय युवा नीति समन्वय समिति’ रहने व्यवस्था छ । नीति कार्यान्वयनको प्रभावकारिता अनुगमन एवं मूल्याङ्कन गरी सहजीकरण गर्न युवा तथा खेलकुद मन्त्रालयका सचिवको संयोजकत्वमा अन्तर मन्त्रालय ‘राष्ट्रिय युवा नीति अनुगमन तथा मूल्याङ्कन समिति’ समेत रहने व्यवस्था गरिएको छ । युवा सम्बन्धी सङ्घ/सङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी, नागरिक समाज र स्थानीय तहका निकायहरूको सहभागितामा युवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न वातावरण सिर्जना गर्नु आवश्यक छ । यस्ता सङ्घ संस्थालाई साझेदारको रूपमा लिई उनीहरूको स्रोतलाई युवासम्बन्धी कार्यक्रममा परिचालन गर्नुपर्ने देखिएको छ ।

नेपाल सरकारका सम्बद्ध मन्त्रालय तथा निकायहरूले युवा लक्षित नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आफ्नो आवधिक तथा वार्षिक योजनामा बजेट विनियोजन गर्नु पर्दछ । यस्तै प्रदेश सरकार र स्थानीय तहले आफ्ना आवधिक तथा वार्षिक योजनामा युवा लक्षित तथा रोजगारी सृजना गर्न सक्ने विकास कार्यक्रमलाई प्राथमिकता दिई कार्यान्वयन गर्नुपर्दछ । यसका अतिरिक्त स्थानीय तहहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र र विकास साझेदारहरूको सहयोग परिचालन गरी युवा रोजगारको वातावरण तयार गर्नुपर्ने देखिन्छ ।

सहकारी, बैंक तथा बित्तीय संस्थाहरूवाट पूँजी परिचालन गरी युवाहरूको लागि सीपमुलक तालिम, सहुलियत कर्जाको माध्यमवाट युवाहरूमा उद्यमशिलताको विकास गरी उनीहरूलाई स्वरोजगार र व्यवसायिक बनाउने लक्ष्यका साथ वि.सं. २०६५ मा युवा तथा साना व्यावसायी स्वरोजगार कोष स्थापना भएको हो । यस कोषवाट युवा जनशक्तिलाई सीपमुलक तथा व्यवसायिक तालिम प्रदान गर्नुका साथै परम्परागत सीपको प्रर्वद्धन गर्दै आर्थिक रूपमा पिछडिएका विपन्न वर्ग, समुदाय, वेरोजगार युवाहरूलाई

सेवामुलक स्वरोजगार कार्यक्रम संचालन गर्न सहुलियत व्याज दरमा कर्जा प्रदान गर्ने कार्य भएको पनि देखिन्छ । तर जुन गतिमा हुनुपर्ने हो त्यो भने हुन सकेको छैन ।

राष्ट्रिय युवा नीति, २०७२ ले युवा शक्तिलाई राष्ट्रको अमूल्य सम्पत्तिको रूपमा लिएको छ । युवा राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनका संवाहक भएकाले राष्ट्रिय नीतिबाट विशेषरूपमा सम्बोधन गरी राष्ट्र निर्माणमा अग्रसर गराउनु अहिलेको प्रमुख आवश्यकता रहेको छ। नेपालका हरेक राजनीतिक परिवर्तन, लोकतन्त्रको स्थापना र अन्य सामाजिक आन्दोलनहरूमा युवाको महत्वपूर्ण योगदान रही आएको छ ।


नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि युवाले गरेको उल्लेखनीय योगदानको कदर स्वरूप वर्ग, लिङ्ग, जाति, भाषा र धर्म जस्ता विषयहरूलाई सम्बोधन गर्नुपर्ने आवश्यकता छ भने अर्कोतिर अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका पिछडिएका क्षेत्रमा रहेका युवालाई समेत विशेषरूपमा सम्बोधन गर्नु जरूरी छ। समावेशी, समानुपातिक र समविकासको सिद्धान्त अनुरूप सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, राष्ट्रिय स्वाधीनता तथा नेपालको सार्वभौमसत्तालाई अक्षुण्ण राख्न, राजनीतिक, आर्थिक, सामाजिक, तथा सांस्कृतिक रूपान्तरणमा युवा नेतृत्वको सम्भावनालाई मूर्तरूप दिन र राज्य सञ्चालनका हरेक प्रक्रियामा युवाको सक्रिय सहभागिता र नेतृत्वदायी भूमिका सुनिश्चित गर्न राज्यले ठोस नीति अवलम्बन गर्नुपर्ने भएको छ ।

युवाको संवेदनशीलतालाई दृष्टिगत गरी जीवनयापनका विविध पक्षबारे मार्गदर्शन गर्नु राज्यको प्रमुख दायित्व भएकाले त्यस्ता युवालाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्नु आवश्यक भएको छ। युवा प्रतिभा पलायन रोक्नका लागि उपयुक्त व्यवस्थापन गर्न तथा विश्वव्यापी रूपमै सिर्जना हुने अवसरहरूमा नेपाली युवाको पहुँच सुनिश्चित गर्दै थप सम्भावनाको विकास गर्न पनि युवा नीतिको आवश्यकता रहने छ ।

## ३ नगरपालिकाको अवस्था विश्लेषण

### ३.१ जनसंख्या


जनगणना २०७८ अनुसार प्युठान नगरपालिकाको जनसंख्या ४२०९४ (पुरूष १८९४५ र महिला २३१४९) रहेको छ। जसमा ४०.६६ प्रतिशत युवा छन्। २ सय ५० परिवारमा गरिएको अध्ययन अनुसार प्युठान नगरपालिकामा ८१९ जनसंख्या छ। जस मध्ये ४०१ महिला र ४१८ पुरूष छन्। त्यसमा ४६ प्रतिशत युवाको जनसंख्या छ।




### ३.२ शैक्षिक अवस्था

नगरपालिकाको तथ्यांक अनुसार ५१ वटा आधारभूत विद्यालय र ९ वटा माध्यमिक विद्यालयहरू छन्। जसमा १००७२ विद्यार्थी अध्ययनरत छन्। जिल्लाको समग्र साक्षरता दर ७१.८५ प्रतिशत रहेको छ। जसमा पुरूष साक्षरता ८३.१८ प्रतिशत र महिला साक्षरता ६३.५३ प्रतिशत रहेको देखिन्छ।

हाल गरिएको अध्ययन अनुसार २ सय ५० जना युवा मध्ये साधारण लेखपढ गर्ने ७५ जना छन्। आधारभूत तह पुरा गर्ने ५३ जना, माध्यामिक तह ९४ र उच्च शिक्षा पुरा गर्ने २८ जना छन्। जसमा पुरूष साक्षरता  ३० प्रतिशत र महिला साक्षरता ६१ प्रतिशत रहेको देखिन्छ। शिक्षाको अवस्था हेर्दा नगरपालिकाले रोजगारी सृर्जना बढाउनु पर्ने देखिन्छ। साथै विकासको दृष्टिकोणले पनि सो संख्यालाई महत्वपूर्ण मानिन्छ।


साक्षरताको अवस्था
७५
५३
९४
२८
साधारण लेखपढ गर्न सक्ने
आधारभुत तह
माध्यामिक तह
उच्च शिक्षा

## ४. अध्ययनवाट देखिएको अवस्था

### ४.१ युवा रोजगारी सम्वन्धी नगरपालिकाको प्राथमिकता

प्युठान नगरपालिकाले युवालाई लक्षित गरेर विभिन्न कार्यक्रमहरू तय गरेको छ । आर्थिक वर्ष २०७९/०८० को प्रगति प्रतिवेदन अनुससार १२५ जनाले प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अर्न्तगत रोजगार पाएको देखिन्छ । त्यस्तै आर्थिक वर्ष २०८०/०८१ मा ८० जनाले प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अर्न्तगत रोजगार पाएका छन् । साथै युवाहरूलाई कृषि क्षेत्रमा प्रोत्साहन गर्नको लागि योजना र बजेट नै तय गरेको थियो । त्यस्तै लोक सेवाको तयारी कक्षाहरू सञ्चालन गरी युवाहरूलाई विभिन्न सरकारी सेवामा संलग्न गर्न प्रोत्साहन जस्ता कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ ।

युवाहरूलाई न्यूनतम रोजगारीमा संलग्न गराउने प्रयास गर्दै प्युठान नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा बेरोजगार युवाहरूको सूची दर्ता आह्वान नै गरेको छ। यसले पनि प्युठान नगरपालिकाले युवा लक्षित कार्यक्रमहरू अघि बढाउने लक्ष्य लिएको छ। त्यस्तै नगरपालिकाले आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममा पनि श्रम रोजगार र उद्यमसिलताको योजना समावेश गरेको छ । त्यस्तै पालिकाको नीति तथा कार्यक्रम अनुसार १ सय २५ जनालाई सय दिन रोजगार प्रदान गरेको देखिन्छ। त्यस्तै लघुउद्यम, साना घरेलु उद्योग लगायत अन्य व्यावसाय क्षेत्रबाट २ सय नयाँ ब्यवसायहरू सञ्चालनमा आएका छन् । जसले गर्दा युवाहरूलाई स्थानीयस्तरमै सरोजगारी सृर्जना भएको छ । त्यस्तै १५ जना युवा महिला उद्यमीहरूलाई ब्यूटिसियन तालिम सामग्री हस्तान्तरण गरिएको थियो ।

स्थानीय सरकारले गर्दै आएको युवा लक्षित कार्यक्रम अझै अपुग छ । त्यसैले नगरपालिकाले नीति तथा कार्यक्रम र योजना निर्माण प्रकृयामा युवाहरूको छुट्टै शिर्षक बनाएर कार्यक्रम सञ्चालन गर्नुपर्छ। जसले गर्दा नगरपालिकाको आर्थिक र सामाजिक विकासको लागि सहयोग पुग्दछ । र, युवाहरूको रोजगार पनि सृर्जना हुन्छ ।

नगरपालिकाले जति पनि कार्यक्रमहरू गरेको छ । ति टुक्रे कार्यक्रमले खासै युवालाई समेटेर योजना बनाएको छैन । तर यस विषयलाई सम्वोधन गर्नुपर्ने कुरामा जनप्रतिनिधिहरू एकमत रहेका छन् । खासगरी युवाहरूलाई स्वरोजगारको अवसर सृजना गर्न वातावरण वनाउने कुरामा नगरपालिका प्रतिवद्ध रहेको पाइयो । युवाको सिप क्षमता विकासमा नगरपालिकाको प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहेकोछ । यसका लागि नगरपालिकाले सम्बन्धित सरोकारवाला निकायको सहयोगमा देहायका कार्यहरू सञ्चालन गर्नुपर्ने छ ।

युवालाई उनीहरूको दायित्वबोध हुने गरी चेतनामूलक क्रियाकलापमा अझै बढाएर लैजानुपर्छ । व्यावसायिक र सीपमूलक शिक्षा नीति अवलम्वन गर्ने र निजी क्षेत्रसंग साझेदारी गरी 3P (Private, Public Partnership) गर्ने संभावना खोजी गर्नुपर्छ । उत्पादनमूलक क्षेत्रमा लगानी वढाउन बैंक तथा वित्तीय क्षेत्रलाई प्रोत्साहन गर्दा युवाहरूले विभिन्न व्यवसायहरू सञ्चालन गर्ने वातावरण सिर्जना गर्न सकिन्छ ।

## ४.२ युवा रोजगारीको अवस्था

### ४.२.१ पेशागत रोजगारी

प्युठान नगरपालिका सवैजसो पहाडी धरातल र ग्रामिण बस्ती छ । नगरपालिकाको कूल भूभाग मध्ये ४२.४८ प्रतिशत वनजंगलले ढाकेको छ। यहाँको जीविकाको मुख्य स्रोत कृषि नै हो। तर, पछिल्लो समय ग्रामिण भेगबाट बस्ती बेसी झर्ने र पाखाहरू बाँझो हुने क्रम बढ्दो छ। जसले गर्दा उत्पादन घट्दै जाने र खाद्यन्न आयात बढ्दै गएको छ। नगरपालिकाले स्वरोजगार अर्न्तग यस वर्ष १५ जनालाई ब्यूटिसियन तालिम र सामग्री वितरण गरेको थियो। यसले केही युवा महिलाहरूले व्यवसाय सञ्चालन गरेका छन्। हाल पालिकाले युवा रोजगारलाई बढाउन विभिन्न कार्यक्रमहरू सञ्चालनको लागि छलफल र आवश्यक तयारीमा जुटेको छ।

प्युठान नगरपालिकाको १० वटै वडाका २ सय ५० जना मध्ये ८७ जना (३४.८ प्रतिशत) ले केही न केही पेशा अंगालेका छन् भने १६३ जना (६५ प्रतिशत) वेरोजगार देखिन्छन्। ८७ जना मध्ये सवै भन्दा बढी ३७ जना कृषि पेशा गर्छन्। पसल सञ्चालन गरेर बस्ने २२ जना, शिक्षक पेशामा ६ जना रहेका छन्। इलेक्ट्रीसियनमा ४ जना र अन्य पेशा जस्तो डकर्मी प्लम्बर, सरकारी जागिरमा न्युन छन्।

प्युठान नगरपालिकाको पेशागत रोजगारीको अवस्थालाई हेर्दा युवा रोजगार र बजार विस्तारमा पालिकाले धेरै लगानी बढाउनुपर्ने देखिन्छ। जस्तो पढे लेखेका युवाहरूलाई लोकसेवाको तयारी कक्षाहरू सञ्चालन गर्ने। साथै युवाहरूलाई सिपमुलक तालिमहरू प्रदान गरी साना उद्यमहरू गर्न प्रोत्साहन गर्न सकिन्छ। साथै युवाहरूलाई कृषि तर्फ अग्रसर गर्न जेटिए तालिम र व्यवसायिक योजना निर्माण गर्न युवा लक्षित कृषि कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ।।

त्यस्तै बढ्दो सहरीकरण र पक्की घर निर्माण संगै दक्ष जनशक्तिको माग बढ्दो छ। त्यसैले प्लम्बर, इलेक्ट्रीसियन, डकर्मी, सिकर्मी लगायत सिपमूलक तालिमहरू प्रदान गरी युवाहरूलाई रोजगार सृर्जना गर्न सकिन्छ।

### ४.२.२ व्यवसाय

युवाहरूले व्यवसाय सञ्चालन गर्दा अन्य युवाहरूले पनि रोजगारी प्राप्त गर्न सक्छन्। जसले पालिकाको आर्थिक वृद्दिदरलाई पनि सहयोग पुग्छ। २ सय ५० युवामा गरिएको अध्ययन अनुसार ७३ जना युवाहरू विभिन्न व्यवसायमा संलग्न छन्। जसमा ६२ प्रतिशत महिला व्यवसायीहरू छन्।

व्यवसाय गर्ने मध्ये सवै भन्दा बढी ब्युटिपार्लर व्यवसाय गर्ने १५ जना छन् भने सवै भन्दा कम संख्या बाखा पालगन र कुखुरा पालन गर्ने युवाहरू ५ जना छन् । भिरालो पाखो र घाँस पाइने हुनाले बाखा पालनका लागि व्यवसाय योजना बनाएर युवा लषित कार्यक्रम बनाउन सकिन्छ ।

प्युठान नगरपालिकाले युवाहरूलाई रोजगारी सिर्जना गरी बजार व्यवस्थापन गर्नको लागि मोवाइल मर्मत तालिम, ब्यूटीपार्लर र सिलाईबुनाइ तालिमहरू सञ्चालन गर्दा धेरै हदसम्म युवाहरूको वेरोजगार संख्या कम गर्न सकिन्छ । त्यस्तै भिर पाखोमा बाबियो खेती, बाँस खेतीबाट उत्पादीत सामग्री निर्माण गरी व्यवसाय सञ्चालन गर्न सकिने सम्भावनाहरू छन् ।

## ४.३ युवा रोजगार सम्बन्धी बजारको अवस्था

२०७६/०७७ को तथ्यांक हेर्दा नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ भने पुरूषको र महिलाको बेरोजगारी दर क्रमशः १०.३ र १३.१ प्रतिशत छ । यसै गरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी छ । नेपालको श्रमशक्तिमा सहभागिता दर ३८.५ प्रतिशत छ । यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत छ । यसै गरी पुरूष र महिलाको श्रमशक्तिमा सहभागिता दर क्रमशः ५३.८ प्रतिशत र २६.३ प्रतिशत छ । नेपाल श्रम शक्ति सर्वेक्षण, २०७४ अनुसार ६२.२ प्रतिशत व्यक्तिहरू अनौपचारिक तथा असङ्गठित क्षेत्रमा दैनिक ज्यालादारी, मजदुरी तथा श्रमिकको रूपमा कामकाज गरी जीवन निर्वाह गर्ने गरेको देखिन्छ । हरेक स्थानीय तहमा रोजगार सम्बन्धी एकिन तथ्यांक छैन । तर नेपालको अवस्था हेर्दा हरेक स्थानीय तहमा वेरोजगारको संख्या बढ्दो देखिन्छ ।

कोभिड-१९ को प्रभाव विश्व अर्थतन्त्र सँगसँगै नेपालको अर्थतन्त्रमा समेत परेको देखिन्छ । देशमा भएका उद्योगधन्दा, कलकारखाना, यातायात, पर्यटन, मनोरञ्जन, होटेल तथा रेष्टुरेन्ट, रियल स्टेट, कृषि, व्यापार, व्यवसाय, निर्माण कार्य (सार्वजनिक तथा निजी) आदि लगायत कैयौं क्षेत्रहरू पूर्ण रूपमा बन्दाबन्दीको चपेटमा रहेको थियो । यी क्षेत्रहरूमा काम गर्ने श्रमिक मजदुरहरू रोजगारी विहीन भई बेरोजगारीको सङ्ख्या बढेको देखिन्छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने गरिब, विपन्न परिवारहरूको आम्दानीको मुख्य श्रोत नै उक्त क्षेत्रहरूमा दैनिक ज्यालादारी एवं मजदुरी गर्ने र निर्वाहमुखी कृषिबाट जीवन गुजारा चल्ने गरेको देखिन्छ । ती व्यक्तिहरू अहिले रोजगार विहीन भई रोजीरोटी गुमेको अवस्थामा छ । त्यसैले पनि प्युठान नगरपालिकामा गरिएको अध्ययनले अन्य बाहिरी ठाउँमा दिगो रोजगारी नहुने भएकोले आफ्नै पालीकामा रोजगारीको सम्भावना खोजी गरिरहेको देखिन्छ ।

आन्तरिक तथा बाह्य पर्यटकको आवागमनमा आएको अवरोधका कारण होटेल, रेष्टुरेन्ट, ट्रेकिङ, लगायत पर्यटनसँग सम्बन्धित अन्य कैयौं क्षेत्रहरूबाट रोजगारी गुमाउनेहरूको सङ्ख्यामा समेत उल्लेख्य वृद्धि भएको छ । कोभिड-१९ बाट पर्यटन क्षेत्रको रोजगारी सबैभन्दा बढी प्रभावित भएको देखिन्छ । प्युठान नगरपालिकाको होटल व्यवसाय पनि पछिल्लो चरणमा धारासायी बनेको छ । जसको कारण धेरै युवाहरू बेरोजगार हुने अवस्था छ ।

जिल्ला सदरमुकाम खलंगा र विजुवार यस क्षेत्रको प्रमुख व्यापारिक केन्द्र हो । विजुवार यस प्युठान नगरपालिकामा पर्दछ । यसका अतिरिक्त सम्पूर्ण जिल्लामा हेर्दा बाग्दुला, चकचके, देविस्थान, मच्छी, ठुलाबेसी, चेरनेटा, दरवान, जुम्री आदी बजार केन्द्र तथा व्यापारिक केन्द्र हुन् । यस नगरपालिकामा ठुला उद्योगहरू नभएता पनि कृषि तथा वन पैदावारमा आधारित साना उद्योगहरू ६५ वटा सञ्चालनमा छन् । जडीबुटीमा आधारित चिउरीको साबुन बनाउने उद्योगहरूले व्यवसायिक उत्पादन सुरूवात गरेका छन् । परम्परागत उद्योगमा बाघमुखे चुलेसीजस्ता फलामका उत्पादनहरू बाहिरि जिल्लामा समेत प्रख्यात रहेका छन् । मह, बेसार, अदुवा, भटमासजस्ता कृषिजन्य घरेलु उत्पादनमा पनि क्रमश व्यवसायिक हुँदै जान थालेको छ । श्रीखण्ड, रूद्राक्ष, दालचिनी, चिउरीजस्ता वन पैदावारको पनि व्यवसायिक खेति सुरू भएको छ ।

प्युठान नगरपालिका स्थित विजुवार, खलंगा, मरन्ठाना, जुम्रीकाँडा, धर्मावती आदी नगरपालिकाको बजार केन्द्र हुन् । यहाँ विशेषगरी खुद्रा व्यापार हुने गरेको छ । प्युठान नगरपालिका अधिकांश बासिन्दाहरू कृषि पेशामा आवद्ध छन् । विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरू उल्लेखनीय रूपमा औद्योगिक विकासतर्फ लागीसकेका छैनन् । तथापी, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन् ।

उखु, गन्ना मिल वा (कोलु), अगरबत्ति उद्योग, मैनबत्ति उद्योग, नमकिन उद्योग, साबुन तथा सर्फ, जैविक मल उत्पादन उद्योग, सिलाई कटाई उद्योग, ढाका र तान उद्योग, दुना टपरी उद्योग), समिल तथा फर्निचर उद्योग, कुखुरा फार्म, पशु फार्म आदि यस नगरपालिकामा रहेका केही औद्योगिक व्यवसायका उदाहरणहरू हुन् । त्यसैगरी साप्ताहिक रूपमा लाग्ने प्युठान नगरपालिकामा विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ । यसले पनि नगरपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ ।


प्युठान नगरपालिकामा उपलब्ध प्राकृतिक कच्चा पदार्थ तथा विभिन्न स्रोत र साधनले प्युठान नगरपालिकामा उद्योगको संभावना प्रचुर देखिन्छ तर लगानी, व्यवसायिकता तथा विभिन्न पुर्वाधारको असुविधाको कारण उद्योगमा अपेक्षित विकास हुन सकेको देखिँदैन । केही साना साना उद्योगहरू सञ्चालित भएता पनि प्युठान नगरपालिका लगायत आसपासका क्षेत्रसम्म मात्र आवश्यकता परिपुर्ति गर्न सफल छन् । ती उद्योगहरूलेराष्ट्रिय माग तथा अर्थतन्त्रको हिस्सा भने खासै ओगट्न सकेको देखिँदैन ।

पालिकामा बजारका लागि धेरै सम्भावनाहरू छन् । तर, त्यसको लागि स्रोत र क्षमताको आवश्यकता पर्छ । यसको लागि स्थानीय तहमा कार्यरत संघसंथा, प्रदेश सरकारसँग सहकार्य गरेर उद्यमसिलता तथा युवा आयआर्जनका कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

प्युठान नगरपालिकामा युवाहरूको रोजगारीको लागि पहिलो छनोट पालिका परेको छ । जसमा ४४ प्रतिशतले रोजगारीको लागि आफ्नै पालिका उपयुक्त लागेको बताएका छन् । त्यस्तै जिल्ला भित्र

रोजगारीका लागि उपयुक्त देख्ने २५ प्रतिशत छन भने छिमेकी पालिकामा रोजगारी उपयुक्त देख्ने १७ प्रतिशत छन् । त्यस्तै क्रमस जिल्ला बाहिर ५, भारत २, खाडी मुलुक २ र अन्य बाहिरी देशमा ४ प्रतिशतले रोजगारीको लागि उपयुक्त मानेका छन् ।

समुह छलफल, मूख्य व्यक्ति अर्न्तवार्ता र युवा सर्वेक्षणका क्रममा उपलब्ध तथ्याक विश्लेषण गर्दा धेरै युवाहरू आफ्नै पालिकामा रोजगारीको अवसर चाहन्छन् । त्यसैले स्थानीय सरकारले युवा लक्षित कार्यक्रमलाई बढाउनुपर्ने देखिन्छ ।





## ४.४ अगामी वर्षको रोजगारी प्रक्षेपण

अहिले प्राय स्थानमा शहरीकरण बढ्दो छ । सोही अनुसारका निर्माणले नयाँ रोजगारीका अवसर सिर्जना भएको छ । बिशेष गरेर, डकर्मी, सिकर्मी, प्लम्बिङ र इलेक्ट्रीसियन सम्बन्धी कामको माग बढेको छ । निमार्णको कार्यका लागि मात्र अहिलेको तुलनामा दोब्बर भन्दा वढी दक्ष कामदारको आवश्यकता पर्दछ । हाल बढ्दो बजार र सोही अनुसारको संरचना निर्माणका लागि आवश्यक पर्ने श्रम दिनलाई आधार मानी डकर्मी, सिकर्मी, प्लम्विङ र इलेक्ट्रीसियनका क्षेत्रमा हुने रोजगारीको प्रक्षेपण गरिएको छ ।

बजार संगै अहिले ब्यूटिपार्लरको राम्रो सम्भावना देखिन्छ । जसले गर्दा उनिहरूलाई ब्यूटिसिनय तालिम दिई रोजगारी सिर्जना गर्न सकिन्छ । जसमा हेयर सैलुनलाई पनि संगै राखेर तालिम दिन सकियो भने गाउँ वा स्थानीय बजारमै युवाहरूले ब्यवसाय सञ्चालन गर्न सक्छन् ।

प्युठान नगरपालिकामा २ सय ५० जनामा गरिएको अध्ययनमा ५१ जनामा विभिन्न सिप रहेको बताए । उनिहरूले कुनै न कुनै पेशा व्यवसाय सञ्चालन गरेका छन् । सिप हुनेहरूसँग प्लम्बर, डकर्मी, ब्यूटिसियन, ड्राइभिङ, सिलाई बुनाई, इलेक्ट्रीसियन, कम्प्युटर सम्बन्धी दक्षता छ ।

अध्ययन अनुसार २ सय ५० जना मध्ये २४१ जनाले रोजगारी सृर्जना गर्न सिप सिक्न चाहेका छन् । जसमा ६१ प्रतिशत महिलाहरू छन् । सवै भन्दा बढी ६५ जना महिलाहरूले सिलाई बुनाई सिप सिक्न चाहेको देखियो । त्यस्तै ६३ जनाले ड्राइभिङ सिप सिक्न चाहेको पाईयो । जसमा पनि २१ जना महिला छन् । मागसंख्याको आधारमा हेर्दा सिलाइ बुनाई, ड्राइभिङ, कम्प्युटर, ब्यूटिसियन, बाइक रिपेरिङ, डकर्मी, इलेक्ट्रीसियन, प्लम्बर, सिकर्मी र हस्तकला सिप सिक्न चाहेको देखियो । त्यसैले युवाहरूको चाहनालाई ध्यानमा राखेर प्युठान नगरपालिकाले सोही अनुसारको क्षमता विकासको अवसर प्रदान गर्नुपर्ने देखिन्छ । जसले युवाहरूको रोजगारीका अवसरहरू प्रदान गर्न मद्दत गर्ने छ ।




## ४.५ वैदेशिक रोजगारी

अवसर र रोजगारी अहिले निकै बहसका विषय हुन् । नेपालजस्ता देशमा त झन् अवसर र रोजगारीको बहस सडकदेखि सरकारसम्म हुने गर्छ । महामारीको रूपमा फैलिएको कोभिडले त झन् चुनौती थपिएको छ । नेपालका युवाहरू मध्यपूर्व, युरोपदेखि अमेरिकामा अध्ययनको अवसरका लागि बिदेसिएको पाइन्छ । अझै प्रस्ट भन्दा खाडी मुलुकमा रोजगारीका लागि लाखौं युवा बिदेसिएका छन् । युवाहरू स्पष्ट मार्गनिर्देशको अभावमा भौंतारिइरहेका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले ७५३ वटै

स्थानीय तहबाट संकलन गरेको तथ्यांकअनुसार मुलुकमा १७ लाख बेरोजगार छन् । यो संख्या कुल श्रमशक्तिको २१.५४ प्रतिशत हो । आर्थिक वर्ष २०७९/८० मा ७ लाख ७१ हजार ३२७ जना श्रमिक श्रम स्वीकृति लिएर विदेश गएका छन् । यो नयाँ र पुनः श्रम स्वीकृति लिएर जानेहरूको संख्या हो ।

चालु आर्थिक वर्षको गत जेठ महिनामै नौ वर्षअघि वैदेशिक रोजगारीमा जानेको संख्याले रेकर्ड तोडेको थियो । जेठसम्म ७ लाख १९ हजार ६७७ जना श्रमिक श्रम स्वीकृति लिएर उडिसकेका थिए । असार महिनामा थप ५१ हजार ६५० जनाले श्रम स्वीकृति लिएपछि कीर्तिमानले थप उचाइमा लिएको छ । आर्थिक वर्ष २०७१/७२ मा श्रमिक नयाँ श्रम स्वीकृति र पुरानाको नवीकरण गरेर ६ लाख ९३ हजार ३२ जना श्रमिक विदेश उडेका थिए । यसले वैदेशिक रोजगारमा युवाहरूको संख्या बढ्दो देखाउँछ ।

यी तथ्यांकमा भिजिट भिसामा गएर दुबईमा श्रम भिसा लिने र भारतको बाटो भएर वा अध्यागनसँग सेटिङ गरेर श्रम स्वीकृति नलिई युरोपेली देशहरू जानेहरूको संख्या सामेल छैन । 'सिजनल वर्कर' ( मौसमी कामदार) का रूपमा कोरिया र बेलायत लगायतका देशमा जाने तथा भारतमै श्रमका लागि जानेहरूको संख्या पनि यसमा समावेश छैन ।

विदेशमा घरेलु कामदार पठाउन लागेको रोक नखुल्दा धेरै महिला अवैध बाटो भएर विदेश गइरहेका छन् । यसका कारण महिला श्रमिक अवैध भएर झन् असुरक्षित तवरले विदेशमा काम गर्न बाध्य छन् । सरकारले भारत जानेलाई श्रम स्वीकृति लिनुपर्ने व्यवस्था नगरेकाले रोजगारीका लागि परदेश पुग्ने सबै तथ्यांकमा समेटिएका छैनन् ।

प्युठान नगरपालिकामा गरिएको आधारभुत अध्ययन अनुसार २ सय ५० मध्ये ९० जना युवाहरू वैदेशिक रोजगारीबाट फर्किएका छन् । भने उक्त परिवारका ६९ जना युवाहरू अझै पनि बैदेशिक रोजगारीमा छन् । यसरी हेर्दा नेपालको ठुलो युवा शक्ति विदेश पलायन छ । जसको कारण श्रम गर्न सक्ने युवा शक्ति नेपालमा कम बस्छन् ।

## ५. युवा रोजगारीको अवसर, सम्भावना र चुनौती

### ५.१ समग्र अवसर

नेपालको संविधानले स्थानीयस्तरको सूचना व्यवस्थापन, नीति निर्माण, योजना तर्जुमा, स्रोत परिचालन तथा योजना कार्यान्वयन र अनुगमन मूल्यांकन जस्ता कार्यहरू सम्पन्न गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ । यसले स्थानीय आवश्यकता पहिचान गरी सोही अनुरूप समस्या समाधानको उपयुक्त विधि निर्धारण गर्ने वातावरण सृजना भएको छ । निर्वाचित पदाधिकारीहरू मध्ये कतिपय पदाधिकारीहरू युवा उमेर समूहका छन् । यस्ता पदाधिकारीलाई युवाको समस्या, आवश्यकता र प्राथमिकताका वारेमा व्यवहारिक ज्ञान समेत छ । युवा परिचालन र रोजगारी सृजनाको लागि यो महत्वपूर्ण अवसर हो । स्थानीय तहहरूले तर्जुमा गर्ने कानून, नीति, योजना तथा कार्यक्रमहरूमा यस्ता विषयहरू समावेश गर्न सक्ने अवसर प्राप्त भएको छ ।

अध्ययन गर्दा प्युठान नगरपालिका व्यावसायिक कृषिको लागि पनि उपयुक्त अवसर भएका स्थानहरू छन् । मौसमी तथा बेमौसमी दुवै किसिमका तरकारी खेती गर्न सकिने सम्भावना पनि उत्तिकै देखिन्छ । युवाहरूले यसवाट फाइदा लिन सक्दछन् । यहाँ तरकारीका अलावा फलफूल, अदुवा, दुध तथा मासुको समेत उत्पादन हुने क्षेत्रहरू रहेका छन् ।

कृषि र पर्यटन प्रर्वदनको हिसावले उत्तिकै महत्वपूर्ण रहेको यस नगरपालिकामा पर्यटन उद्योग व्यवसाय जस्तै होमस्टे, ट्रेकिङ्ग, हाइकिङ्ग आदिमा रोजगारीको सम्भावना छ । प्युठान नगरपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी नगरपालिकाको रूपमा रहेको छ ।

प्युठान नगरपालिकाको प्राकृतिक सौन्दर्यता, नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने हिमश्रृंखलाहरूको रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण हुने स्थान हो । त्यसैले यस पालिकामा पर्यटन व्यवसाय युवा रोजगारीको महत्वपूर्ण गन्तव्य पनि हो । पर्यटन व्यवसाय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसर वृद्धि गरी जनताको जीवनस्तर सुधार गर्न सहयोग पुग्ने देखिन्छ ।

व्यापार-व्यवसाय यहाँको आर्थिक विकासका लागि एक महत्वपूर्ण संभाव्य माध्यमका रूपमा देखिएको छ । विजुवार बजार आफैंमा यस नगरपालिकाको १० वटा वडाहरूको व्यावसायिक तथा प्रशासनिक केन्द्र विन्दु रहेको छ । यस नगरपालिकाको विजुवार, जुम्री, नयाबजार, मुढ्केचुला बजारमा तीव्र रूपमा आर्थिक गतिविधि, आर्थिक वृद्धि र बजार विस्तार भइरहेको छ । कृषि र पशुपालनमा व्यवसायीकरण अनि उद्योग, व्यवसाय तथा पर्यटनको विकास गरी प्युठान नगरपालिकालाई आर्थिक वृद्धिको केन्द्रका रूपमा विकास गर्न सकेमा यसले थप लाभ प्राप्त गर्न सक्दछ । र युवाहरूको वेरोजगारलाई न्यूनिकरण गर्न पनि यसले मद्दत गर्दछ ।

लघु तथा घरेलु उद्यम युवा रोजगारीको लागि अर्को अवसर हो । स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थको प्रयोग गरी लघु उद्यम संचालन गर्न सकिने सम्भावना रहेको छ । यसवाट युवा वर्गले रोजगारी पाउन सक्दछन् । यस नगरपालिकामा जडीबुटीमा आधारित चिउरीको साबुन बनाउने उद्योगहरूले व्यवसायिक उत्पादन सुरूवात भएको देखिन्छ । यसले युवा स्वरोजगारमा मलजल थपेको छ ।

परम्परागत उद्योगमा बाघमुखे चुलेसीजस्ता फलामका उत्पादनहरू बाहिरि जिल्लामा समेत प्रख्यात छन् । यस बाहेक मह, बेसार, अदुवा, भटमासजस्ता कृषिजन्य घरेलु उत्पादनमा पनि क्रमश व्यवसायिक हुँदै गएको छ । श्रीखण्ड, रूद्राक्ष, दालचिनी, चिउरीजस्ता वन पैदावारको पनि व्यवसायिक खेति सुरू भएको छ । नगरपालिकामा उखु, गन्ना मिल वा (कोलु), अगरबत्ति उद्योग, मैनबत्ति उद्योग, नमकिन उद्योग, साबुन तथा सर्फ, जैविक मल उत्पादन उद्योग, सिलाई कटाइ, ढाका र तान उद्योग, दुना टपरी उद्योग, समिल तथा फर्निचर उद्योग, कुखुरा फार्म, पशु फार्म आदि औद्योगिक व्यवसाय सञ्चालनमा रहेका छन् । तर्सथ उद्योगहरूको राम्रो सम्भावना भएकाले यसको व्यवस्थापन गर्ने कार्यले युवाहरूमा रोजगारी बृद्धि गर्ने अवसर मिलेको छ ।

## ५.२ रोजगारीका सम्भावित क्षेत्रहरू/सम्भावना

### ५.१.१. कृषि क्षेत्र

प्युठानको जनसङ्ख्याको लगभग ६० प्रतिशत जनसङ्ख्या जीविकोपार्जन तथा रोजगारीको लागि कृषि पेशामा आश्रित रहेका छन् । कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान हरेक वर्ष घट्दै गएको अवस्था छ । कुल कृषि योग्य जमिन को ३९.९९ प्रतिशत (५ हजार १ सय ५७ हेक्टर) मा खेती गरिएको छ भने १० प्रतिशत (१ हजार ३ सय हेक्टर) जमिन बाँझो नै रहेको अवस्थामा छ ।[१] कृषि क्षेत्र सबैभन्दा धेरै रोजगारी सृजना तथा प्रदान गर्ने क्षेत्र हुन् । नेपालमा रोजगारी पाएका प्रत्येक पाँच जना व्यक्ति मध्ये एक जना कृषिमा नै रोजगार छन् ।

बेरोजगार व्यक्तिहरूलाई बाँझो रहेको जग्गामा व्यावसायिक खेती गर्न प्रोत्साहन गरी कृषिको आधुनिकीकरण, व्यवसायीकरण, विविधीकरण र औद्योगिकीकरण गरी कृषि उत्पादन, उत्पादकत्व तथा कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु पर्दछ । बेरोजगार व्यक्तिहरूलाई कृषि सहकारी वा कृषक समूहको माध्यमबाट कृषि पकेट क्षेत्रहरूको विकास गर्नुपर्छ । कृषि पेशालाई सम्मानजनक, मर्यादित र प्रतिष्ठित बनाई कृषि क्षेत्रमा थप रोजगारीका अवसरहरू सृजना गरी कृषिमा आत्मनिर्भर हुनुको साथै राष्ट्रिय अर्थतन्त्रमा समेत सहयोग पुग्ने देखिन्छ ।

फलफूल, ताजा तरकारी, नगदेवाली तथा पशुपालन जस्ता कृषि व्यवसायलाई सम्मानजनक उद्यम, व्यवसायको रूपमा विकास गर्न सके यसवाट प्रसस्त रोजगारी सृर्जना हुन सक्छ । यो व्यवसाय आयमूलक

---

[१] प्युठान नगरपालिका पार्श्वचित्र, २०७४

तथा रोजगारीमूलक समेत हुने हुँदा यसवाट नगरवासीको जीवनस्तरमा ठूलो परिर्वतन ल्याउन सकिन्छ। साथै धेरै पहाडी क्षेत्रका जमिनहरू बाँझो छ। ति जमिनमा बेसार खेती गर्न सकिने सम्भावना छ। यसरी बेसार खेती गर्दा बाँझो जमिन पनि उपयोगमा आउने र युवा कृषकहरूले रोजगार पनि प्राप्त गर्न सक्ने सम्भावना छ । बेसार खेतीको पटेक क्षेत्र बनाइ उक्त बेसारलाई प्रसोधन गरेर बजार पुऱ्याउन सक्दा कृषहरूको आम्दानी बढाउन सकिन्छ। त्यस्तै अदुवाको लागि पनि यस क्षेत्र उपयोगी छ। त्यसैले अदुवाको क्याण्डी बनाएर बिक्री गर्दा युवा कृषकहरूको आयआर्जनमा सहयोग पुग्न सक्छ।

### ५.१.२. निर्माण क्षेत्र

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात् नेपालको संविधान, २०७२ जारी भए पछि तीनै तहको सरकारहरू गठन भई देश निर्माणको युगमा प्रवेश गरेको छ । निर्माण क्षेत्रमा १३.८ प्रतिशत व्यक्तिहरू रोजगारी प्राप्त गरेको देखिन्छ । देशभित्र राष्ट्रिय महत्वका योजनाहरू, ठूलठूला जलविद्युत आयोजनाहरू, रेलमार्ग, द्रुतमार्ग, एयरपोर्ट लगायत अन्य विभिन्न निजी तथा सार्वजनिक निर्माण कार्यहरूको साथसाथै तिनै तहका सरकारहरूबाट सञ्चालित अन्य विकास निर्माणका गतिविधिहरू तीव्र रूपमा भइरहेको देखिन्छ । निर्माण क्षेत्रमा दक्ष जनशक्तिको रूपमा काम गर्ने ईलेक्ट्रिसीयन, प्लम्बर, पेन्टर, डकर्मी, सिकर्मी लगायत अन्य श्रमिक मजदुरहरू अधिकांश भारतीय वा तेस्रो मुलुकका रहेका छन् । यी क्षेत्रमा नेपाली श्रमिक मजदुरहरू अदक्ष कामदारको रूपमा काम गर्ने गर्दछन् । यस क्षेत्रमा रोजगारीका सम्भावनाहरू प्रशस्त रहेकोले बजारको मागको आधारमा थप दक्ष, सीपयुक्त जनशक्ति तयार गरी बजारमा दक्ष जनशक्तिको आपूर्ति गरी अन्य मुलुकका श्रमिक मजदुरहरूलाई विस्थापित गर्दै जानु पर्ने देखिन्छ ।

### ५.१.३. उद्योग तथा व्यवसाय क्षेत्र

उद्योग क्षेत्रमा १७.५ प्रतिशतले रोजगारी पाएको देखिन्छ। कुल राष्ट्रिय रोजगारीमा उद्योग क्षेत्रको योगदान ८.१ प्रतिशत छ। नेपालमा बढ्दै गएको युवा बेरोजगारीमा कमी ल्याउन कम्तीमा आउँदो एक दशकसम्म कृषि, वन, पर्यटनमा आधारित उद्योगधन्दा कलकारखाना तथा व्यापार व्यवसायको माध्यमबाट थप रोजगारी सृजना गर्न विशेष जोड दिनु पर्ने देखिन्छ । अदक्ष तथा सीप नभएका बेरोजगार युवाहरूलाई सीपमूलक तालिमको माध्यमबाट दक्ष एवं सीपयुक्त जनशक्ति तयार गरी उद्योग तथा कलकारखानाहरूमा आपूर्ति गरी औद्योगिक उत्पादनमा वृद्धि गर्नुको साथसाथै लघु, घरेलु तथा साना उद्योगहरूको माध्यमबाट स्वरोजगारी वा रोजगारी बढ्ने गरी निर्यातयोग्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता, विविधीकरण, उत्पादकत्व अभिवृद्धि गरी स्थानीय श्रम, सीप, स्रोत र साधनको अधिकतम परिचालन तथा उपयोग हुने गरी स्वदेशभित्रै थप रोजगारीका अवसरहरू सिर्जना गर्नु पर्ने देखिन्छ ।

बैदेशिक रोजगारीवाट फर्केका युवाहरूलाई उनीहरूले सिकेका सीप अनुसारको व्यवसाय संचालन गर्न प्राविधिक सहयोग र सरल सेवा उपलव्ध गराउन सकेमा विदेशवाट भित्रिएको पूँजी र प्रविधि परिचालन गरी स्थानीयस्तरमा उद्यम व्यवसाय संचालन गर्न सकिने सम्भावना देखिन्छ । यसवाट स्थानीयस्तरमा

थप रोजगारी प्राप्त हुन सक्छ । प्रसस्त जडिवुटी, फलफुल र मसलाजन्य पदार्थ, व्यावसायिक मह उत्पादनको सम्भावना बोकेको यस नगरपालिकाले यसलाई युवा रोजगारसँग जोडेर ब्यवसायिक गर्न सकिने सम्भावना देखिन्छ। यसबाट पालिकाको आर्थिक स्थीतिमा सुधार र युवा तथा यस नगरपालिकाको नागरिकहरूको जीविकोपार्जनमा पनि सुधार आउन सक्छ।

प्युठान नगरपालिका व्यापारिक तथा प्रशासनिक केन्द्रका रूपमा विकास हुदै गरेको छ। यहाँ बैंक तथा वित्तिय संस्थाहरूको सेवा बढ्दो अवस्थामा छ। यसवाट सजिलै बैकिङ्ग सेवा समेत उपलब्ध हुने भएकाले नयाँलगानी र थप रोजगारीको सम्भावना देखिएकोछ।

कृषि तथा वा वन पैदावारमा आधारित साना उद्योगहरू ६५ वटा सञ्चालनमा रहेका छन् । जडीबुटीमा आधारित चिउरीको साबुन बनाउने उद्योगहरूले व्यवसायिक उत्पादन सुरूवात गरेका छन् । परम्परागत उद्योगमा बाघमुखे चुलेसीजस्ता फलामका उत्पादनहरू बाहिरि जिल्लामा समेत प्रख्यात रहेका छन् ।

### ५.१.४. उद्यमशीलता

उद्यमशीलतालाई उत्पादनको महत्वपूर्ण साधनको रूपमा हेरिन्छ । स्थानीय स्तर देखि नै उत्पादन र उत्पादकत्व वृद्धि तथा रोजगारी सिर्जना गरी राष्ट्रिय अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्न उद्यमी तथा उद्यमशीलताको विकास अपरिहार्य रहेको छ । कोरोना महामारीका कारण रोजगार विहीन भई बेरोजगारहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको देखिन्छ । बढ्दो बेरोजगारी समस्यालाई सम्बोधन गर्न तथा बेरोजगार युवाहरूलाई रोजगारीको सुनिश्चितता गर्न राज्यका तीनै तहका सरकारहरूले लागत साझेदारीमा स्वरोजगार हुन चाहने तथा रोजगारी गुमाउने बेरोजगार युवाहरूलाई लक्षित गरी स्थानीय स्तरमा उपलब्ध श्रम, श्रोत साधन, पुँजी र प्रविधिको उपलब्धताको आधारमा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत विभिन्न किसिमका सीपमूलक, रोजगारमूलक, व्यावसायिक तथा प्राविधिक तालिमहरूको माध्यमबाट दक्ष, सक्षम र उत्पादनशील जनशक्ति उत्पादन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

स्थानीय स्तरमा नै नयाँ नयाँ उद्यम व्यवसायको पहिचान तथा विकास र उत्पादन तथा उत्पादकत्व वृद्धि गरी रोजगारी सृजना गर्नु पर्ने देखिन्छ। उद्यम व्यवसाय गर्न चाहने युवाहरूलाई उत्पादनशील व्यावसायिक योजनाको आधारमा बिउ पुँजीको रूपमा लागत साझेदारीमा अनुदान वा सहुलियत पूर्ण ऋण सुविधाको उपलब्धताको माध्यमबाट उद्यम तथा व्यवसायको विकास गरी थप रोजगारी वा स्वरोजगारका अवसर सृर्जना गर्नु पर्ने देखिन्छ।

यहाँ विभिन्न सहकारी संस्थाहरू मार्फत स्थानीय पूँजी परिचालन हुनेगरेकाले लगानीको वातावरण वनेको छ। युवाहरूको लागि क्षमता अभिबृद्धिका तालिम तथा अध्ययन भ्रमण जस्ता कार्यक्रमहरू आयोजना गरी सीप तथा उद्यमशिलता क्षमता विकास हुन्छ। यसवाट व्यवसाय विस्तार हुनुको साथै नयाँरोजगारीका अवसर समेत सृजना हुन सक्दछ।

नगरपालिकामा विभिन्न संघ संस्था तथा निकायहरूवाट सीप विकासका लागि तालिम तथा प्राविधिक सहयोग सम्वन्धी कार्यक्रमहरू संचालन भएका छन् वा हुन सक्छन् । यसवाट थप रोजगारी प्राप्त हुन सक्दछ। नगरपालिका भरी झण्डै एक हजार युवाहरूलाई विभिन्न पिसमुलक तालिम दिई रोजगार गराउन सकिने अवस्था छ ।

### ५.१.५. पर्यटन

पर्यटनमा प्रचुर सम्भावना भएको देश हो नेपाल । नेपालको पर्यटन क्षेत्र रोजगारीका मुख्य स्रोतहरू मध्येको पनि एक हो । सन् २०१८ मा कुल ५ लाख ७३ हजार रोजगारी प्राप्त गरेका थिए । जुन कुल रोजगारीको ८ प्रतिशत हो । नेपालको प्राकृतिक, धार्मिक, मौलिक, पुरातात्त्विक एवं सांस्कृतिक सम्पदा, हिमाली मनोरम दृश्य, पर्वतारोहण, पदमार्ग, तराईका फाँटहरू, वन्य जन्तु, निकुञ्ज, जल सम्पदा आदि पर्यटनको मुख्य आधार क्षेत्र रहेको छ। यी सम्पदाहरूको संरक्षण, संवर्द्धन र विविधीकरण गरी नयाँ नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, विकास, प्रवर्द्धन गर्दै पर्यटन क्षेत्रमा थप रोजगारी सिर्जना गर्नु पर्नेमा ध्यान दिनु जरूरी छ ।

प्राचिन प्युठानमा चन्द्रवंशी राजाहरूले राज्य गरेको ऐतिहासिक ठानकोट वा ठानाचौर नामले चिनिने माझकोट एक प्राचिन दरवार हो । यो आन्तरिक तथा बाध्य पर्यटनको गन्तव्य हुन सक्छ । त्यस्तै शंख आकारको रक्तेपोखरी, बिजुवार बजारमा अवस्थित कालिका मन्दिर, बिजुवार जाल्पाथान रमणिय प्राकृतिक स्थान, शान्त, रमणिय पहाडी उपत्यकाजस्तो झिमरूक, बाग्दुला तालमा अवस्थित बिजुवार सिद्धमेहेलनाथ थान एक महत्वपूर्ण धार्मिक स्थल भएकोले यहाँ पर्यटनको विकासबाट प्रसस्त रोजगारीको अवसर सृर्जना हुन सक्ने देखिन्छ ।

निर्वाचित जनप्रतिनिधिले प्राथमिकता दिएका आधारमा युवाहरूलाई रोजगारी सृर्जना गर्नका लागि तथ्यांक लिने, युवा लक्षित कार्यत्रक्रम तथा नीतिहरू बनाउने जस्ता स्थानीय स्तरमै स्वरोजगार कार्यक्रम संचालन गर्न प्रोत्साहन स्वरूप थप अनुदान दिने योजना संचालन गर्न लागेको छ । यसले पनि युवाहरूलाई रोजगारीको अवस्था सृर्जना गर्न मद्दत गर्दछ ।

## ५.२. चुनौती

श्रम तथा रोजगारीको हक कार्यान्वयन गर्नु, उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सृजना गर्नु, अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, श्रम बजारको माग अनुरूप सीपयुक्त श्रम शक्तिको विकास गर्नु, बजारको माग अनुसारको जनशक्ति आपूर्ति गर्न नसक्नु, शिक्षालाई व्यावहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु, श्रमिक र रोजगारदाता बीच सुसम्बन्ध स्थापित गर्नु, श्रम निरीक्षण र नियमनलाई प्रभावकारी बनाउनु आदि युवा रोजगारीका मुख्य चुनौतीहरू रहेको छ । श्रम, सीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु, श्रमप्रतिको सम्मानको कमी हुनु, उद्यमशीलता विकास तथा स्वरोजगार प्रवर्द्धन र उत्पादनशील रोजगारीको सृजना पर्याप्त हुन नसक्नु (

न्यून उत्पादकत्व, न्यून ज्याला र कमजोर कार्य अवस्था), वैदेशिक रोजगारीबाट प्राप्त सीप र पुँजीको न्यून परिचालन हुनु, श्रम बजार सूचना प्रणालीको विकास नहुनु आदि युवा रोजगारीका समस्याहरू रहेको देखिन्छ ।

युवा रोजगारीका लागि प्राप्त अवसरका वावजुत यहाँ केही चुनौती समेत रहेका छन् । खासगरी प्राप्त अवसरलाई कसरी उपयोग गर्ने भन्ने नीति, रणनीति, विधि र प्रक्रिया अवलम्वन गर्ने कुरा चुनौतिकै रूपमा रहेकोछ । यस्ता विषयहरूलाई नगरपालिकाको संस्थागत क्षमताले असर गर्न सक्छ । त्यसैले विद्यमान संविधान र स्थानीय सरकार संचालन ऐनले निर्धारण गरेका अधिकार र जिम्मेवारी पुरा गर्न स्थानीय तहमा निर्वाचित पदाधिकारी र नगरपालिकाको संस्थागत क्षमता विकास हुन अनिवार्य छ । यस्ता कार्यहरूमा समेत नगरपालिकाको लगानी आवश्यक छ । साथै संघीय सरकार, प्रदेश सरकार र विकास साझेदारहरूको प्राविधिक तथा आर्थिक सहयोग समेत आवश्यक पर्दछ । यसको व्यवस्थापन एक प्रमुख चुनौतीको रूपमा रहेको छ ।

कृषि क्षेत्रमा रोजगारीको प्रसस्त सम्भावना देखिन्छ तथापि यसलाई व्यावसायिकरण गर्न नसक्दा प्राप्त अवसरको उपयोग गर्न सकिएको छैन । कृषिमा यान्त्रिकिकरण नहुदा उत्पादन र उत्पादकत्वमा एकरूपता तथा परिमाण र गुणस्तरमा सुधार आउन सक्दैन । फलतः कतिपय अवस्थामा लागतको तुलनामा प्रतिफल कम हुने गरेको किसानहरूको भनाई छ । यसले गर्दा युवाहरू यस क्षेत्रमा लाग्न हिच्किचाएको देखिन्छ ।

व्यावसायिक खेती तथा बजारीकरणमा संस्थागत सहकार्य र समन्वयको अभावले गर्दा राम्रा बजारमा गुणात्मक र परिमाणत्मक उत्पादनहरूको नियमित र भरपर्दो निर्यात गर्न नसक्नु चुनौतिको रूपमा रहेको छ । परम्परागत खेती प्रणालीमा शिक्षित युवाले चासो नदिने र उनीहरू आधुनिक कृषि प्रविधि अपनाउन पनि नसक्ने अवस्थामा रहेको कारण आंसिक वा पूर्ण रूपमा बेरोजगार रहने युवाको संख्या धेरै रहेको छ । प्राविधिक शिक्षामा सीप विकास र परीक्षण प्रणालीमा सुधार गरि यस चुनौतिलाई अवसरमा वदल्न सक्नु पर्दछ ।

राज्यको नीतिमा नियमनका कुरा भए तर व्यवहारिकतामा कति जनशक्ति कहिलेसम्म कुन कामको लागि कस्तो आवश्यक पर्छ र त्यो तयार गर्ने शिक्षण संस्थाले कसरी अभ्यास गरेका छन्भन्ने विषयमा चासो राखेर नियमन गर्ने परिपाटी विकास नहुदा रोजगारीको सुनिश्चितता हुन सकेको छैन । अवका दिनमा यस विषयमा सुधार गर्ने जिम्मेवारी स्थानीय तहमा आएको छ । यो एक अवसर तथा चुनौती पनि हो ।

# ६ निष्कर्ष र सुझाव

## ६.१ निष्कर्ष

युवाशक्ति राष्ट्रको अमूल्य सम्पत्ति हो । युवा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवतर्नका सम्वाहक शक्ति हुन् । साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण यो वर्ग राष्ट्रको प्रमुख धरोहरको रूपमा रहेको हुन्छ । जसलाई राष्ट्र निर्माणको प्रमुख स्रोतसमेत मानिन्छ । गुणात्मक र सङ्ख्यात्मक दृष्टिले युवा राष्ट्रको मेरूदण्ड भएकाले युवाको सर्वाङ्गीण विकास गरी उनीहरूको क्षमतालाई राष्ट्रिय विकासको मूलधारमा ल्याउनु जरूरी छ । प्युठान नगरपालिकालाई आधार मानी युवाको जनसांखिक अवस्था, शैक्षिक स्थिति तथा पेशा व्यवसायमा उनीहरूको संलग्नता र त्यसवाट परिवार र समाजमा परेको प्रभाव तथा परिवर्तन वारे सूचना तथा तथ्यांकको आधारवाट विश्लेषण गरिएको सन्र्दभमा दुबै नगरपालिकामा युवाहरूको संख्या राष्ट्रिय औषत भित्रै रहेको छ ।

नेपालको संविधानले रोजगारी र श्रम सम्बन्धी हकलाई मौलिक हकको रूपमा समावेश गरेको छ । रोजगारीको तुलनामा युवा जनसङ्ख्याको अनुपात तीव्र रूपमा वृद्धि हुँदै गएको देखिन्छ । देशमा बढ्दै गरेको बेरोजगारी दर र सीमित रहेको रोजगारीको अवसर तथा विकल्पका कारण अधिकांश युवा श्रम शक्ति विदेशिन बाध्य हुने गरेको देखिन्छ । श्रम बजारको माग अनुरूपको दक्ष तथा सीपमूलक जनशक्तिको विकास गर्नु आजको मुख्य आवश्यकता रहेको छ । उत्पादनमूलक रोजगारी सृजना गरी मुलुकमा उपलब्ध युवा श्रम शक्तिको अधिकतम उपयोग गरी कृषि क्षेत्रमा विद्यमान रहेका अनुत्पादक अधिक श्रम शक्तिलाई उद्योग, व्यापार, पर्यटन, निर्माण जस्ता सेवा क्षेत्रहरूमा स्थानान्तरण गर्न सके अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा समेत सहयोग पुग्ने देखिन्छ ।

नेपालको संविधानको अनुसुची ८ मा संघीय संरचनाको स्थानीय तहको अधिकार सूचीको ६ मा स्थानीय तथ्यांक, अभिलेख संकलन र सूचीको १७ मा बेरोजगारको तथ्यांक संकलन पनि उल्लेख भएको छ । यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ मा गाउँ/नगरपालिकाको तथ्यांक अध्यावधिक गर्ने उल्लेख छ । यस अनुसार प्युठानले प्रथम आवाधिक योजना तयार गरेको छ । नगरपालिकाले उक्त योजनामा हरेक क्षेत्र विकासको कार्य अघि बढाउने संकल्प गरेको छ । यसले बेरोजगारको अवस्थालाई कम गर्न पनि मद्दत गर्नेछ । नगरपालिकाले यो बिषयलाई सकारात्मक ढंगले लिएको र त्यस अनुसार अभिलेखीकरण हुने जनाएको छ ।

नगरपालिकाले आर्थिक सम्वृद्धिको कार्यसूचीमा बेरोजगारी हटाउने, रोजगारीका अवसर सृजना गर्ने र स्थानीयको पहुँच वढाउने नीति लिएकाले आगामी पाँचवर्ष भित्रमा थप रोजगारीका अवसर सृजना हुने देखिन्छ । नगरपालिकाले बैदेशिक भन्दा स्वदेशी रोजगारीमा युवाको आर्कषण बढाउने गरी थप नीति तथा योजना तर्जुमा गर्दैछ । युवा रोजगारीको लागि यो एक सकारात्मक कार्य हो ।

## ६.२ सुझावहरू

### (क) मुख्य सुझावहरू

युवालाई स्वरोजगार बनाउन यहाँका स्थानीय तहले प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्नुपर्छ। युवालाई सीप सिकाएर स्वरोजगारसँगै आत्मनिर्भर बनाउने लक्ष्यका साथ कार्यक्रम तय गर्नुपर्छ। युवालाई सीप सिकाएर स्वरोजगार बनाउन सीपमूलक तालिमको आवश्यकता पर्छ । युवालाई रोजगारसँग जोड्न आवश्यक तालिमसँगै सीप प्रदान गर्नुपर्छ। त्यसैले स्वदेश तथा बैदेशिक रोजगारका लागि तल उल्लेखित शीप विकास तालिम प्रदान गरी युवाहरूलाई रोजगार सृर्जना गर्न सकिन्छ।

**आलु चिप्स उत्पादन तालिमः** युवा स्वरोजगारका लागि स्थानीय स्तरमा आलु चिप्स उत्पादन तालिम महत्वपूर्ण हुन्छ । आलु गाउँमै उत्पादन हुन्छ । साथै आलु चिप्सको खपत स्थानीय र जिल्लाका अन्य पालिकामा खपत हुने सम्भावना पनि उत्तिकै छ । यस्तो तालिमले युवालाई अफ्नै उत्पादनबाट उद्योग सञ्चालनमा सहयोग पुग्न सक्छ। आलु चिप्स बनाउने तालिमले युवालाई थप व्यवसायिक बनाउने छ। युवाहरूलाई आलु चिप्स बनाउने, प्याकिङ गर्ने तथा बजारसम्म लैजाने तालिमले युवा रोजगारको सुर्जना गर्न मद्दत गर्ने छ।

**प्लम्बर तालिमः** अहिले शहर-बजारदेखि नगरोन्मुख गाउँघरमा पनि आधुनिक शैलीमा पक्की घरहरू बन्ने क्रम बढेको छ । घरभित्रै शौचालय-बाथरूम र किचेनको 'सेट' अनिवार्यजस्तै मानिन्छ । अझ पछिल्लो समयमा त कोठैपिच्छे जोडेर अलग्गै वाथरूम-शौचालय बनाउन थालिएको छ । यस्ता वाथरूम र किचेनबाट बाहिर पानी फाल्न पाइप जडान गर्ने काम प्लम्बरले गर्छन्। तर मागअनुसार पर्याप्त प्लम्बर छैनन् । अधिकांश युवा रोजगारी खोज्दै बाहिरिएका छन् । उनीहरूले पठाएको रेमिट्यान्सबाट क्रंक्रिट घरहरू बन्दैछन्। तर, तिनै घर बनाउन चाहिने विविध सिपयुक्त कामदारको भने अभाव छ। जनशक्ति अभावले गर्दा महंगो ज्याला दिएर भए पनि काम गराउन उपभोक्ता पनि बाध्य छन्। 'पाइपको काम भने जति  दाम' भने झै आम्दानी र स्वरोजगार दुवै किसिमले फाईदा पुग्छ । साथै बैदेशीक रोजगारमा जानेलाई पनी प्लम्बर तालिमले काम पाउन सहज र आम्दानीमा थप सहयोग पुग्छ।

**बिल्डीङ इलेक्ट्रीसियनः** बेरोजगार समस्या समाधानका लागि बिल्डीङ इलेक्ट्रीसियन तालिम अर्को एउटा महत्वपूर्ण सीप हो। अहिले शहरी विकास संगै गाउँदेखि शहरसम्म विद्युतको प्रयोग बढ्दो छ। । स्थानीय स्तरमा वा देशविदेशमा बसेर भएपनि व्यवसायीक रूपमा लाग्ने जनशक्ति निर्माणका लागि बिल्डीङ इलेक्ट्रीसियन तालिम प्रभावकारी हुन्छ । त्यसैले बेरोजगार समस्या हल गर्न र दक्ष जनशक्ति उत्पादन गरी स्वदेश तथा विदेशमा सहज रोजगारी सृर्जना गर्नको लागि पालिकाले बिल्डीङ इलेक्ट्रीसियन उत्पादन गर्न लगानी बढाउनुपर्ने देखिन्छ।

**डकर्मी तथा सिकर्मी तालिमः** युवा जनशक्तिलाई नेपालमै रोक्ने दायित्व सरकारको हो । साथै नेपालको विकास निर्माणका लागि दक्ष जनशक्ति उत्पादन गरी रोजगारी सिर्जना गर्नु पनि उत्तिकै महत्वपूर्ण छ।

बढ्दो शहरीकणले गर्दा पनि सिकर्मी, डकर्मी लगायतका संरचनाहरू निर्माणका लागि बाहिर जनशक्तीको माग बढेको देखिन्छ । स्थानीय तहमा पनि अन्य क्षेत्र तथा जिल्लाबाट दक्ष कामदारहरूको माग रहेको देखिन्छ । त्यसैले युवाहरूको पनि यसमा चाहना देखिएकोले स्थानीय सरकारले डकर्मी तथा सिकर्मी तालिमहरू मार्फत युवाहरूलाई रोजगार सृर्जना गर्न सकिन्छ। हाम्रो समाजमा इन्जिनियर भन्दा मिस्त्रीको काम बढी छ। त्यसैले उक्त जनशक्ति बढी नै उत्पादन गर्नुपर्छ। सिकर्मी र डकर्मी शीप विकास भनेको तालिम र रोजगारी एकैसाथ भने जस्तै हो। स्थानीय युवायुवतीलाई प्राथमिकतामा राखेर डकर्मी र सिकर्मी तयार गर्न सकियो भने स्थानीय तहको हरेक विकासको गतिविधिमा युवाहरूलाई सहभागीता गराउन सकिन्छ ।

**सावुन उद्योग सञ्चालन:** प्युठानको हालको अवस्था हेर्दा सावुन उद्योग स्थापनाले आय-आर्जनमा सहयोग पुग्ने मात्रै नभई रोजगारीको सृर्जना समेत भएको देखिन्छ । युवाहरू यसरी आफ्नै गाउँठाउँमा उद्योग सञ्चालनमा लाग्दा रोजगारका लागि विदेश जानुपर्ने बाध्यतामा रहेका युवाहरूका लागि प्रेरणाको स्रोत बन्न सक्छ । साथै स्थानीय कच्चापदार्थ तितेपाती, रिट्ठो, चिउरी जस्ता सामग्रीहरूबाट पनि सावुन उत्पादन गर्न सकिने सम्भावना भएको हुँदा स्थानीय सरकारले हालको अवस्थालाई मध्यनगर गरी सावुन उद्योगमा लगानी बढाउनुपर्ने देखिन्छ ।

**बेकरी सामग्री उत्पादन र बजारीकरण:** अहिले शहर र बजार मात्र हैन। बेकरी उत्पादनको माग गाउँका हरेक घरमा उत्तिकै छ। बेकरीका लागि गाउँमै उत्पादन हुने गाई भैंसीको दुधहरू प्रयोग गर्न सकिन्छ। पछिल्लो सयम विदेशमा काम गर्ने धेरै युवाहरूले नेपालमा आएर विभिन्न ठाउँमा बेकरी खोलेका छन् । उक्त बेकरी पसलबाट हजारौं युवाहरूले रोजगार पाएका छन् । त्यस्तै सम्भावना प्युठानमा पनि देखिन्छ । त्यसैले केही युवाहरूलाई लक्षित गरी बेकरी उत्पादन र बजारीकरणमा सहयोग पुऱ्याई युवाहरूलाई उद्यमी बनाउनुको साथै अन्य युवाहरूलाई पनि रोजगारीमा लगाउन सकिन्छ। र अर्थ संचितिकरण पनि सोही पालिकामा नै हुन्छ । यस्ता खाले कार्यक्रमहरू स्थानीय सरकारको नीति तथा कार्यक्रमहरूमा समावेश गरी लागु गर्नुपर्ने देखिन्छ।

**ग्रिल, स्टिल र आल्मुनियम उद्योग सञ्चालन:** अहिले हरेक निर्माणको काममा काठ भन्दा बढी ग्रिल, स्टिल र आल्मुनियमको प्रयोग बढ्दो छ। प्युठान नगरपालिकामा पनि केही ग्रिल उद्योगहरू सञ्चालनमा छन्। तर, प्रयाप्त नभएको कारणले बुटवल र दाङदेखि ति सामाग्रीहरू आयात हुने देखिएको छ। साथै गाउँमा भएको ग्रिल उद्योगमहरूमा कामदार पनि बाहिरका छन् । त्यसैले ग्रिल, स्टिल र आल्मुनियमको सामग्री निर्माण सम्बन्धी तालिमहरू सञ्चालन गरेर पालिकाले युवाहरूलाई रोजगारमा लगाउन सकिन्छ । साथै बाह्य मुलुकहरूमा पनि रोजगारीको लागि दक्ष कामदारको आवश्यकता पर्दा पनि युवाहरूले सहजै रोजगार प्राप्त गर्न सक्छन् । त्यसैले ग्रिल, स्टिल र आल्मुनियमको काममा युवाहरूलाई शिप प्रदान गर्दा धेरै हदसम्म युवाहरूको बेरोजगार समस्या कम गर्न सकिन्छ।

**सवारी चालक (ड्राइभिङ) तालिमः** युवालाई सीप सिकाएर स्वरोजगारसँगै आत्मनिर्भर बनाउने अर्को महत्वपूर्ण सीप सवारीचालक ड्राइभिङ तालिम पनि हो । अहिले सवारी चालक तालिमका लागि जिल्ला छोडेर अन्य क्षेत्र जानुपर्ने बाध्यताका कारण पनि धेरै युवाहरूले उक्त सिप सिक्न सकेका छैनन । आफ्नै ठाउँमा सीपमूलक तालिम लिन पाउँदा धेरै युवाहरूले सवारी चालक सीप सिक्न सक्छन् । र स्थानीय तहमै उनिहरूले रोजगार पाउन सक्छन् । धेरै युवाहरूले यस्ता सीप नभएका कारण कम सेवा सुविधामा काम गर्न बाध्य छन् । युवालाई रोजगारसँग जोड्न आवश्यक तालिमसँगै सीप प्रदान पालिकाले स्थानीय स्तरमै यस्ता तालिम सञ्चालन गर्न उपयुक्त देखिन्छ ।

**मोवाईल मर्मत तालिमः** अहिलेको युग प्रविधिको युग हो । त्यसैले युवादेखि ज्येष्ठ नागरिकहरूको क्रेज स्मार्ट मोवाईलमा देखिन्छ । त्यसैले मोवाईल मर्मत तालिमले स्थानीय स्तरमै रोजगार सृर्जजना गर्न सक्छ । साथै युवायुवतीहरू दुवैको सहज कामको लागि पनि उपयुक्त हुने भएकोले युवाहरूको सरल रोजगारीको राम्रो अवसर बन्न सक्छ ।

**बाँसको सामग्री निर्माण तालिमः** प्युठानमा बाँसको उत्पादन राम्रो छ । त्यसैले स्थानीय स्तरमै बाँस उपलब्ध हुने भएकाले युवाहरूलाई बाँसको सामग्री निर्माण तालिम उपलब्ध गराउँदा युवाहरूलाई रोजगार सृर्जना गर्न सकिन्छ । बाँसजन्य सामग्री सोफा, कुर्ची, टेबल, फ्रेम लगायत अकर्षक सामग्री निर्माण गर्न सकिन्छ । स्थानीयदेखि अन्तर्राष्ट्रिय तहसम्म यसको बजार रहेको छ । स्थानीय स्रोत र सिपको प्रयोग प्रवर्धन गरी उद्यमशीलता विकास गर्न यो उत्तम उपाय पनि हुन्छ । त्यसैले स्थानीय सरकारले स्थानीय स्रोत र साधनलाई प्रयोग गरी शीप र उद्यमशीलता दुवै विकास गरी युवाहरूलाई रोजगार सृर्जना गर्न सकिन्छ ।

### (ख) प्राथमिकतामा राख्नुपर्ने विषयहरू

- सीप विकास गरी युवा रोजगारी वृद्धि गर्ने र स्थानीय तहमा विभिन्न निकायबाट संचालित युवा लक्षित कार्यक्रमहरूलाई एकीकृत रूपमा प्रभावकारी ढंगले सञ्चालन गर्न नगरपालिकाले आफ्नो संगठन संरचनामा युवा सीप विकास तथा रोजगारी व्यवस्थापन शाखाको व्यवस्था गर्ने ।

- निजी क्षेत्रसंग साझेदारी गरी सार्वजनिक निजी साझेदारी (Private, Public Partnership) को अवधारणा अनुसार युवा सीप विकास र रोजगारी कार्यक्रम संचालन गर्ने ।

- बढ्दो शहरीकरण र श्रम शक्तिको माग बढेकोले युवालाई घर/भवन निर्माण, सिकर्मी, डकर्मी, प्लम्विङ्ग, इलेक्ट्रिसियन, डेकोरेसन, सिलाई बुनाई, ब्यूटिसियन सम्बन्धि तालिम दिदै उनीहरूलाई स्थानीय स्तरमै रोजगार वन्न प्रेरित गर्ने ।

- स्थानीय स्तरमा संचालन गरिने सीप विकास तथा उद्यम व्यवसाय सम्बन्धी तालिमको गुणस्तर सुधार गरी तालिमलाई युवा रोजगारीसंग आवद्ध गर्ने । यो कार्यक्रम निजी वा गैर सरकारी संस्था मार्फत

कार्य नतिजामा आधारित कार्य सम्पादन करार (Result Based Performance Contract) मा गर्न सकिन्छ ।

- नगरपालिकामा सूचना केन्द्र स्थापना गरी युवा रोजगारी सम्बन्धी सूचना सहितको Data base व्यवस्थित गर्ने ।
- युवा कृषक पहिले भन्ने अभियान संगै कृषि उत्पादनको गुणस्तर सुधार, मूल्य श्रृंखला विश्लेषण र बजार सुनिश्चित गरी कृषिलाई प्रतिष्ठित उद्यमको रूपमा विकास गर्ने ।
- नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन जस्ता कार्यहरूमा युवा वर्गको संस्थागत सहभागिता सुनिश्चित गर्ने र अधिकतम् रोजगारीको अवसर सृजना गर्न सक्ने योजनालाई प्राथमिकता दिइ योजना कार्यान्वयन गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा उदाहरणीय तथा अन्वेषणात्मक कार्य गरेका र विदेशवाट स्वदेश फर्केर उद्यम, व्यवसाय संचालन गरेका युवालाई प्रोत्साहन तथा पुरस्कृत गर्ने ।
- युवाको सहभागिता र संलग्नतामा भएका सफल कार्यहरूलाई श्रव्य दृष्य सामग्री सहित लिपिवद्ध गरी यसको प्रचार प्रसार गर्ने र यसवाट अन्य स्थानीय तह तथा व्यक्तिहरूले सिक्ने अवसर सृजना गर्ने ।

## अनुसूचीहरू

**तालिका नं १ :** जनसंख्या विवरण

| वडा नं. | आधारभूत अध्ययन अनुसार | | | | २०७८ को जनगणना अनुसार | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | १६-४० वर्षका | महिला | पुरूष | जम्मा | १६-४० वर्षका |
| १ | ६८ | ६६ | १३४ | ६१ | २२८४ | १६२८ | ३९१२ | १५६८ |
| २ | ६७ | ५४ | १११ | ५३ | २६५९ | १८४० | ४४९९ | १८०९ |
| ३ | ८४ | ७४ | १५८ | ७५ | २५१६ | १८७७ | ४३९२ | १७७१ |
| ४ | ४० | ६२ | १०२ | ४५ | ३०४४ | २५९८ | ५६४२ | २२५७ |
| ५ | ७९ | ६२ | १४१ | ६३ | २६५३ | २०७८ | ४७३१ | १९०३ |
| ६ | ६३ | ८० | १४३ | ७१ | १९५७ | १५९६ | ३५५३ | १५५५ |
| ७ | ६३ | ६६ | १२९ | ६५ | १८१६ | १४६४ | ३२८० | १३३२ |
| ८ | ५० | ६० | ११० | ५४ | २९१४ | २४५७ | ५३७१ | २१५७ |
| ९ | ६० | ५७ | ११७ | ६५ | १९३८ | १४३७ | ३३७५ | १३५० |
| १० | ६८ | ७० | १३८ | ८१ | २०२० | १५१९ | ३५३९ | १४१५ |
| **जम्मा** | **६३२** | **६५१** | **१२८३** | **५८८** | **२३८००** | **१८४९४** | **४२२९४** | **१७११७** |

**तालिका नं. २** : सारक्षरताको अवस्था

| वडा नं. | साधारण लेखपढ | | आधारभुत तह | | माध्यामिक तह | | उच्च शिक्षा | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष |
| १ | १० | ३ | २ | ३ | २ | १ | ३ | १ |
| २ | १३ | ४ | ५ | - | २ | - | १ | - |
| ३ | १० | ४ | ४ | १ | - | ३ | २ | १ |
| ४ | ७ | ७ | १ | २ | १ | २ | ३ | २ |
| ५ | ९ | ७ | ३ | १ | - | - | ५ | - |
| ६ | - | - | ७ | ३ | ३ | ११ | - | १ |
| ७ | - | - | १ | २ | १० | ३ | ३ | ६ |
| ८ | १ | - | ४ | - | १५ | ५ | - | - |
| ९ | - | - | ७ | ३ | ९ | ६ | - | - |
| १० | - | - | ३ | १ | ७ | १४ | - | - |
| **जम्मा** | **५०** | **२५** | **३७** | **१६** | **४९** | **४५** | **१७** | **११** |

**तालिका नं. ३:** पेशागत रोजगारीको अवस्था

| पेशा | वडा नं | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| शिक्षक | १ | १ | - | ३ | १ | - | - | - | - | - | ६ |
| पसल | - | २ | २ | ९ | ९ | - | - | - | - | - | २२ |
| कृषि | २ | ५ | १६ | १ | १३ | - | - | - | - | - | ३७ |
| डकर्मी | - | - | - | - | १ | - | - | - | - | - | १ |
| विद्यार्थी | - | - | १ | - | १ | - | - | - | - | - | २ |
| प्लम्बर | १ | - | - | - | - | - | - | - | - | - | १ |
| इलेक्ट्रीसियन | २ | - | - | ३ | - | - | - | - | - | - | ५ |
| सरकारी कर्मचारी ( स्थायी) | - | - | - | १ | १ | - | - | - | - | - | २ |
| सरकारी कर्मचारी ( अस्थाई) | ० | १ | - | - | - | - | - | १ | - | - | २ |
| संघसंस्थाको कर्मचारी | १ | - | - | - | - | - | १ | - | १ | - | ३ |
| सवारी चालक | १ | - | १ | - | - | - | - | - | - | - | २ |
| अन्य ज्यामी काम | - | १ | २ | १ | - | - | - | - | - | - | ४ |
| **जम्मा** | **८** | **१०** | **२२** | **१८** | **२६** | **-** | **१** | **१** | **१** | **-** | **८७** |

**तालिका नं.** ४ : व्यवसाय सञ्चालनको अवस्था

| व्यवसाय | वडा नं | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| कुखुरा पालन | - | २ | २ | - | - | - | - | - | - | - | ४ |
| बाख्रा पालन | - | ५ | - | - | - | - | - | - | - | - | ५ |
| तरकारी खेती | १ | - | - | - | - | - | - | - | - | - | १ |
| मोवाईल पसल | १ | १ | २ | २ | १ | - | - | - | - | - | ७ |
| फेन्सी पसल | - | - | ३ | १ | - | - | - | - | - | - | ४ |
| ग्रिल उद्योग | - | - | - | २ | - | - | - | - | - | - | २ |
| ईलेक्ट्रि पसल | २ | - | १ | - | - | - | - | - | - | - | ३ |
| फलफूल पसल | - | - | १ | १ | ३ | - | - | - | - | - | ५ |
| हेएर सैलुन | - | - | - | १ | - | - | - | - | - | - | १ |
| सिलाई बुनाई | ४ | ३ | - | १ | - | - | - | - | - | - | ८ |
| ब्यूटीपार्लर | १२ | १ | १ | १ | - | - | - | - | - | - | १५ |
| मसला उद्योग | - | - | २ | - | - | - | - | - | - | - | २ |
| राइस/पिठो मिल | - | - | - | १ | - | - | - | - | - | - | १ |
| दुध डेरी | ३ | - | - | - | - | - | - | - | - | - | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भैंसी पालन | १ | - | - | - | - | - | - | - | - | - | १ |
| होटल व्यवसाय | - | १ | २ | ३ | १ | - | - | - | - | - | ७ |
| माछा पालन | - | १ | - | - | - | - | - | - | - | - | १ |
| बस व्यवसाय | - | - | १ | - | १ | - | - | - | - | - | २ |
| कागज कारखाना | - | - | - | १ | - | - | - | - | - | - | १ |
| **जम्मा** | **२४** | **१४** | **१५** | **१४** | **६** | **-** | **-** | **-** | **-** | **-** | **७३** |

**तालिका नं. ५ :** युवा रोजगारका लागि जाने स्थान

| **बजारको अवस्था** | **वडा नं** | | | | | | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** | **१०** | |
| आफ्नै पालिका भित्र | १२ | २४ | १९ | ९ | ९ | ८ | १२ | ८ | ९ | १ | १११ |
| छिमेकी पालिका | १ | १ | २ | २ | ३ | ७ | ८ | १० | ७ | २ | ४३ |
| जिल्ला भित्र | ११ | - | २ | ११ | ११ | ९ | ५ | ७ | १ | ५ | ६२ |
| जिल्ला बाहिर | १ | - | - | - | १ | १ | - | - | ८ | १ | १२ |
| भारत | - | - | २ | १ | १ | - | - | - | - | २ | ६ |
| खाडी मुलुक | - | - | - | १ | - | - | - | - | - | ५ | ६ |
| अन्य देश | - | - | - | १ | - | - | - | - | - | ९ | १० |
| **जम्मा** | **२५** | **२५** | **२५** | **२५** | **२५** | **२५** | **२५** | **२५** | **२५** | **२५** | **२५०** |

**तालिका नं. ६ :** सिक्न चाहेको सिप

| **व्यवसाय** | **वडा नं** | | | | | | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** | **१०** | |
| प्लम्बर | - | १ | १ | - | १ | १ | - | - | ४ | - | ८ |
| कडकर्मी | - | १ | २ | ३ | २ | १ | - | - | - | - | ९ |
| सिकर्मी | - | - | - | १ | २ | - | - | - | - | - | ३ |
| ब्यूटिसियन | १० | ६ | - | ६ | ५ | १ | १ | - | १ | - | ३० |
| ड्राईभिङ | ३ | - | ६ | ४ | ५ | ९ | १३ | - | ११ | १२ | ६३ |
| हस्तकला | - | १ | - | १ | - | - | - | १ | - | - | ३ |
| सिलाई बुनाई | ६ | ९ | ९ | २ | ५ | ८ | ९ | ८ | ६ | ३ | ६५ |
| इलेक्ट्रीसियन | ३ | - | - | २ | १ | ३ | - | १ | - | १ | ९ |
| कम्प्युटर | ३ | २ | - | २ | ३ | ६ | २ | ७ | १ | ९ | ३७ |
| बाइक रिपेरिङ | - | २ | २ | ३ | १ | - | - | ५ | १ | - | १४ |
| **जम्मा** | **२५** | **२२** | **२०** | **२४** | **२५** | **२९** | **२५** | **२२** | **२४** | **२५** | **२४१** |

## शन्दर्भ सामग्री

प्युठान नगरपालिका, प्रथम आवाधिक योजना २०८०/०८१ -२०८४/०८५

प्युठान नगरपालिका, नीति तथा कार्यक्रम २०७९/०८०

प्युठान नगरपालिका, वार्षिक प्रगति प्रतिवेदन २०७९/०८०

प्युठान नगरपालिका, पार्श्वचित्र,

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं, राष्ट्रिय युवा नीति, २०७२

बैदेशिक रोजगार विभाग, वार्षिक प्रतिवेदन, २०७८/०७९